# कम्पनी ऐन २०६३ ले

# तोकेका ढाँचाहरु

२०६४

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, जेठ १४ गते, २०६४ साल (संख्या ७


## भाग ५

नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को देहायका दफाहरुको प्रयोजनका लागि देहाय बमोजिमका ँचाहरु तोकेको छ :-

१. दफा ४ को उपदफा (१) को प्रयोजनको लागि कम्पनी संस्थापनाको लागि दिने निवेदनको ढाँचा अनुसूची - १ र २ बमोजिम हुनेछ ।
२. दफा ४ को उपदफा (२) को प्रयोजनको लागि नियमावलीको सामान्य ढाँचा अनुसूची - ३ र ४ बमोजिम हुनेछ ।
३. दफा ५ को उपदफा (१) को प्रयोजनको लागि कम्पनी दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची - ५ बमोजिम हुनेछ ।
४. दफा १३ को उपदफा (२) र (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गर्न दिने निवेदनको ढाँचा अनुसूची - ६ बमोजिम हुनेछ ।
५. दफा १४ को उपदफा (३) को प्रयोजनको लागि पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्न दिने निवेदनको ढाँचा अनुसूची - ७ बमोजिम हुनेछ ।
६. दफा १३ को उपदफा (३) र (५) र दफा १४ को उपदफा (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा र पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत भएपछि दिइने प्रमाणपत्रको ढाँचा अनुसूची - ८ बमोजिम हुनेछ ।
७. दफा १८ को उपदफा (६) को प्रयोजनको लागि देहायका कम्पनीका प्रवन्धपत्रको सामान्य ढाँचा देहाय बमोजिम हुनेछ:-

| | |
|---|---|
| (१) एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको प्रवन्धपत्र | - अनुसूची - ९ |
| (२) एकल बाहेकको अन्य प्राइभेट लिमिटेड कम्पनीको प्रवन्धपत्र | - अनुसूची - १० |
| (३) पब्लिक लिमिटेड कम्पनीको प्रवन्धपत्र | - अनुसूची - ११ |
| (४) मुनाफा वितरण नगर्ने कम्पनीको प्रवन्धपत्र | - अनुसूची - १२ |

८. दफा १९ को उपदफा (४) को प्रयोजनको लागि त्रुटी सच्याउन दिने निवेदनको ढाँचा अनुसूची - १३ बमोजिम हुनेछ।
९. दफा २० को उपदफा (४) को प्रयोजनको लागि देहायका कम्पनीका नियमावलीको सामान्य ढाँचा देहाय बमोजिम हुनेछ:-
   (१) प्राइभेट लिमिटेड कम्पनीको नियमावली - अनुसूची - १४
   (२) पब्लिक लिमिटेड कम्पनीको नियमावली - अनुसूची - १५
   (३) मुनाफा वितरण नगर्ने कम्पनीको नियमावली - अनुसूची - १६
१०. दफा २७ को उपदफा (४) को प्रयोजनको लागि पब्लिक लिमिटेड कम्पनीको शेयर खरिद गर्न दिने निवेदनको ढाँचा अनुसूची - १७ बमोजिम हुनेछ।
११. दफा २८ को उपदफा (१) को प्रयोजनको लागि शेयर बाँडफाँडमा शेयर पाउनेलाई पठाउने सूचनाको ढाँचा अनुसूची - १८ बमोजिम हुनेछ।
१२. दफा २८ को उपदफा (१) को प्रयोजनको लागि शेयर बाँडफाँडमा शेयर नपाउनेलाई पठाउने सूचनाको ढाँचा अनुसूची - १९ बमोजिम हुनेछ।
१३. दफा ३३ को उपदफा (१) को प्रयोजनको लागि दिइने शेयर प्रमाणपत्रको ढाँचा अनुसूची - २० बमोजम हुनेछ।
१४. दफा ४२ को उपदफा (३) को प्रयोजनको लागि शेयर वा डिबेञ्चर धितोबन्धक लिएको जनाउ दिने निवेदनको ढाँचा अनुसूची - २१ बमोजिम हुनेछ।
१५. दफा ४३ को उपदफा (१) को प्रयोजनको लागि शेयर वा डिबेञ्चर दाखिल खारेज गर्न दिने निवेदनको ढाँचा अनुसूची - २२ बमोजिम हुनेछ।
१६. दफा ४५ को प्रयोजनको लागि शेयर वा डिबेञ्चरमा हक हुन आउने व्यक्तिले दिने निवेदनको ढाँचा अनुसूची - २३ बमोजिम हुनेछ।
१७. दफा ४६ को उपदफा (१) को प्रयोजनको लागि शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको ढाँचा अनुसूची - २४ बमोजम हुनेछ।
१८. दफा ५३ को उपदफा (२) को प्रयोजनको लागि शेयर वापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा जारी गरिने सूचनाको ढाँचा अनुसूची - २५ बमोजिम हुनेछ।
१९. दफा ५३ को उपदफा (३) को प्रयोजनको लागि शेयर वापतको रकम तिर्न शेयरधनीको नाममा पुनः जारी गरिने सूचनाको ढाँचा अनुसूची - २६ बमोजिम हुनेछ।
२०. दफा ७१ को उपदफा (३) को प्रयोजनको लागि शेयरधनीले साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि नियुक्ति गर्ने निवेदनको ढाँचा अनुसूची -२७ बमोजम हुनेछ।
२१. दफा ९९ को उपदफा (३) को प्रयोजनको लागि संचालक नियुक्ति भएपछि लिनुपर्ने शपथको ढाँचा अनुसूची - २८ बमोजिम हुनेछ।
२२. दफा १५४ को उपदफा (२) र (३) को प्रयोजनको लागि विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालय दर्ता गर्न दिने निवेदनको ढाँचा अनुसूची - २९ बमोजम हुनेछ।
२३. दफा १५४ को उपदफा (४) को प्रयोजनको लागि विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयको रुपमा दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा अनुसूची - ३० बमोजम हुनेछ।
२४. दफा १७६ को उपदफा (२) को प्रयोजनको लागि कुनै कम्पनीले अन्य कम्पनीलाई दिएको सापटी, त्यस्तो कम्पनीमा गरेको लगानी वा त्यस्तो कम्पनीले लिएको ऋण वापत दिएको जमानतको विवरणको ढाँचा अनुसूची - ३१ बमोजम हुनेछ।

अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
कम्पनी संस्थापना गर्नको लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय,
......................।

विषय : कम्पनी संस्थापना गरी पाऊँ ।

महोदय,

हामीलाई ..............................................नामको प्राइभेट/पब्लिक लिमिटेड/मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्ने इच्छा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ४ को उपदफा (१) बमोजिम कम्पनी संस्थापना गर्न तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौं । उक्त कम्पनी हाम्रो नाममा दर्ता गरी पाऊँ ।

तपसिल

१. प्रबन्धपत्र तथा नियमावली प्रत्येकको दुई /दुई प्रति,

२. संस्थापकहरु नेपाली नागरिक भएमा संस्थापकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. पब्लिक लिमिटेड कम्पनीको हकमा संस्थापना अघि संस्थापकहरुबीच कुनै सम्झौता भएको भए सोको प्रतिलिपि,

४. प्राइभेट लिमिटेड कम्पनीको हकमा संस्थापकहरुबीच कुनै सर्वसम्मत सम्झौता भएको भए सोको प्रतिलिपि,

५. कम्पनी संस्थापना गर्नेबारे सम्बन्धित निकायको पूर्व स्वीकृति वा इजाजतपत्र (कुनै निकायको पूर्व स्वीकृति वा इजाजतपत्र चाहिने भएमा मात्र)

६. संस्थापक संगठित संस्था भए,-
(क) संस्था दर्ता प्रमाणपत्र,
(ख) कम्पनी संस्थापना बारे सञ्चालक समितिको निर्णय,
(ग) संस्थापना वा दर्ताको प्रमाणपत्र तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु ,
(घ) संस्थापकको रुपमा संगठित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको नियुक्ति सम्बन्धी लिखत ।

७. विदेशी लगानी हुने भए,-
(क) विदेशी लगानीबारे सम्बन्धित निकायको अनुमति पत्र,
(ख) संस्थापक विदेशी व्यक्ति भए निज कुन मुलुकको नागरिक हो सो खुल्ने प्रमाण वा राहदानीको प्रतिलिपि,
(ग) संस्थापक विदेशी संगठित संस्था भए संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु (जस्तै - प्रबन्धपत्र, नियमावली वा विधान ) ।

८. उपर्युक्त ब्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :

निवेदकहरु
दस्तखत :
नाम,थर :
स्थायी ठेगाना :
हालको ठेगाना :
टेलिफोन:
मोवाईल :
फ्याक्स नं. :
पोष्टबक्स नम्बर :
इमेल :
(प्रत्येक संस्थापकको उपर्युक्त विवरण उल्लेख गर्ने)

अनुसूची-२
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
एकल शेयरधनी भएको कम्पनी संस्थापना गर्नको लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय
................................ ।

विषय : कम्पनी संस्थापना गरी पाऊँ ।

महोदय,

मेरो.............................................नामको एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनी संस्थापना गर्ने इच्छा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ४ को उपदफा (१) बमोजिम कम्पनी संस्थापना गर्न तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । उक्त नामको कम्पनी मेरो नाममा दर्ता गरी पाऊँ ।

तपसिल

१. प्रबन्धपत्र दुई प्रति,

२. नियमावली दुई प्रति ( यदि कम्पनी ऐन, २०६३ को दफा ४ को उपदफा (२) को व्यवस्था अनुसार कम्पनी संस्थापनाको लागि तोकिएको ढाँचाको नियमावलीलाई नै स्वीकार गर्ने भए छुट्टै नियमावली पेश गर्नु पर्दैन । तर तोकिएको ढाँचाको नियमावली नै स्वीकार गर्ने कुरा खुलाउनु पर्दछ ),

३. संस्थापक नेपाली नागरिक भएमा संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कम्पनी संस्थापना गर्ने बारे सम्बन्धित निकायको पूर्व स्वीकृति वा इजाजतपत्र (कुनै निकायको पूर्व स्वीकृति वा इजाजतपत्र चाहिने भएमा मात्र)

५. संस्थापक संगठित संस्था भए ,–
(क) संस्था दर्ता प्रमाणपत्र,
(ख) कम्पनी संस्थापना बारे सञ्चालक समितिको निर्णय,
(ग) संस्थापना वा दर्ताको प्रमाणपत्र तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु,
(घ) संस्थापकको रुपमा संगठित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको नियुक्ति सम्बन्धी लिखत ।

६. विदेशी लगानी हुने भए ,–
(क) विदेशी लगानी बारे सम्बन्धित निकायको अनुमति पत्र,
(ख) संस्थापक विदेशी व्यक्ति भए निज कुन मुलुकको नागरिक हो सो खुल्ने प्रमाण वा राहदानीको प्रतिलिपि,
(ग) संस्थापक विदेशी संगठित संस्था भए संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु (जस्तै- प्रबन्धपत्र, नियमावली वा विधान) ।

७. उपर्युक्त व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :

निवेदक
दस्तखत :
नाम,थर :
स्थायी ठेगाना :
हालको ठेगाना :
टेलिफोन :
मोबाईल :
फ्याक्स नं. :
पोष्टबक्स नम्बर :
इमेल :

(2)

अनुसूची - ३
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

......(कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको

## नियमावली

### परिच्छेद - १
### प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम.............................................हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय...................... जिल्ला ......................नगरपालिका/गाउँ विकास समितिमा रहनेछ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ।

(ख)"कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले ............................................प्रा.लि. सम्झनु पर्छ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ।

### परिच्छेद-२
### शेयरपूँजी तथा ऋण

५. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य रु. ............... हुनेछ।

६. शेयरको बिकी वा धितोबन्धक सम्बन्धी व्यवस्था :(१) कम्पनीको शेयर चल सम्पत्ति सरह बिकी गर्न वा धितोबन्धक राख्न सकिनेछ।

(२) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त ऐन बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो दर्ता किताबमा निवेदकको नाममा शेयर दर्ता गर्नेछ।

(४) उपनियम (२) बमोजिमको शेयर खरिद बिक्री भएकोमा त्यसरी खरिद बिक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

७. शेयर प्रमाण पत्र: (१) कम्पनीको शेयरधनीलाई निजले लिएको शेयरबापत कम्पनी सचिव वा शेयरधनीले अधिकार प्रदान गरेको व्यक्तिको सही र कम्पनीले आफ्नो कारोबारमा छाप प्रयोग गर्ने भए कम्पनीको छाप लागेको शेयर प्रमाण पत्र दिइनेछ।

८. शेयर पूँजी हेरफेर गर्ने कुरा : शेयरधनीको निर्णयबाट ऐन बमोजिम शेयर पूँजी हेरफेर गर्न सकिनेछ।

९. ऋण उठाउने कुरा : प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो व्यवसाय वा कारोबार सञ्चालन गर्नको लागि ऋण उठाउन सक्नेछ।

## परिच्छेद - ३

## साधारण सभा तथा सञ्चालक समिति

१०. साधारण सभा : यस कम्पनीको साधारण सभा हुने छैन र साधारण सभाले गर्ने सबै काम शेयरधनीको लिखित निर्णयद्वारा हुनेछ ।

११. सञ्चालक समिति : यस कम्पनीमा सञ्चालक समिति रहने छैन र शेयरधनी आफैले सञ्चालक समितिले गर्नुपर्ने काम गर्नेछ ।

## परिच्छेद - ४

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

१२. कम्पनीको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण : (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकारप्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोवार भएको आर्थिक बर्षमा यस कम्पनीले आफ्नो हिसाबकिताव लेखापरीक्षण गराउनेछ ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताव लेखापरीक्षण गराउनु पर्ने भएमा कम्पनीले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीले निजको नाम कार्यालयमा पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखावाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ ।

## परिच्छेद-५

## विविध

१३. कम्पनी सचिव : कम्पनी सचिवको नियुक्ति हुने कम्पनी भए सो सम्बन्धी व्यवस्था, निजको पदावधि, सेवा शर्त एवं निजको काम, कर्तव्य र अधिकार खुलाउने ।

१४. कम्पनीको छाप : कम्पनीको कारोवारसँग सम्बन्धित लिखतहरुमा कम्पनीको छाप प्रयोग गर्ने भए सो कुरा खुलाउने । यस्तो छाप कम्पनीको शेयरधनी वा निजले अधिकार दिएको व्यक्तिको जिम्मामा रहनेछ ।

१५. कम्पनी गाभिने व्यवस्था: (१) यो कम्पनीमा कुनै अर्को कम्पनी गाभिन सक्नेछ ।

(२) यो कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृति लिई गाभ्न सकिनेछ ।

१६. कम्पनीको खारेजी: (१) यो कम्पनी स्वेच्छाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा शेयरधनीले निर्णय गरी सोको सात दिनभित्र ऐन अनुसार पेश गर्नुपर्ने लिखतहरु कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको निर्णय गर्दा खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक शेयरधनीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारवाही गर्नेछ ।

१७. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा:-

१८. अन्य आवश्यक कुरा: अन्य आवश्यक कुनै कुरा भए सो कुरा खुलाउने ।

१९.. नियमावली संशोधन भएमा लागू हुने अवस्था : यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

२०. नियमावली बाझिएको हदसम्म निष्कृय हुने : यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछन् ।

२१. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : म .................... प्रा.लि. को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु । यो नियमावलीमा उल्लेखित नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक छ । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गरेको छु ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम<br>ठेगाना ........<br>जिल्ला ........<br>नगरपालिका /<br>गा.वि.स., वडा नं.<br>... ब्लक नं. .....<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | | द.<br>नाम :<br>ठेगाना.................<br>........<br>जिल्ला.............<br>........नगरपालिका/<br>गा.वि.स., वडा नं...<br>ब्लक नं...<br>दा. बा. | |

इति संवत् २०....... साल ................ महिना ................. गते रोज ......... शुभम्--------

अनुसूची – ४
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
तोकिएको ढाँचालाई स्वीकार गर्ने एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

........ (कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको
नियमावली

परिच्छेद - १
प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम प्रबन्धपत्रको दफा १ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय प्रबन्धपत्रको दफा २ मा खुलाइएको ठेगानामा रहनेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-२
शेयर पुँजी तथा ऋण

५. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. संस्थापकले लिनुपर्ने शेयर : यस कम्पनीको संस्थापक हुन लिनुपर्ने शेयर संख्या प्रबन्धपत्रमा संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या भनी उल्लेख गरिए बमोजिम हुनेछ ।

७. शेयरको बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था :(१) कम्पनीको शेयर चल सम्पत्ति सरह बिक्री गर्न वा धितोबन्धक राख्न सकिनेछ ।

(२) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त ऐन बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो दर्ता कितावमा निवेदकको नाममा शेयर दर्ता गर्नेछ ।

(४) उपनियम (२) बमोजिमको शेयर खरिद बिक्री भएकोमा त्यसरी खरिद बिक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ ।

८. शेयर प्रमाण पत्र: कम्पनीको शेयरधनीलाई निजले लिएको शेयरबापत कम्पनी सचिव वा शेयरधनीले अधिकार प्रदान गरेको व्यक्तिको सही र कम्पनीले आफ्नो कारोबारमा छाप प्रयोग गर्ने भए कम्पनीको छाप लागेको शेयर प्रमाणपत्र दिइनेछ ।

९. शेयर पुँजी हेरफेर गर्ने कुरा : शेयरधनीको निर्णयबाट ऐन बमोजिम शेयर पुँजी हेरफेर गर्न सकिनेछ ।

१०. ऋण उठाउने कुरा : प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो व्यवसाय वा कारोबार सञ्चालन गर्नको लागि ऋण उठाउन सक्नेछ।

## परिच्छेद - ३

## साधारण सभा तथा सञ्चालक समिति

११. साधारण सभा : यस कम्पनीको साधारण सभा हुने छैन र साधारण सभाले गर्ने सबै काम शेयरधनीको लिखित निर्णयद्वारा हुनेछ।

१२. सञ्चालक समिति : यस कम्पनीमा सञ्चालक समिति रहने छैन र सञ्चालक समितिले गर्नु पर्ने काम शेयरधनी आफैले गर्नेछ।

## परिच्छेद - ४

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

१३. कम्पनीको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण : (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकारप्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोबार भएको आर्थिक वर्षमा कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउनु पर्ने भएमा कम्पनीले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ।

## परिच्छेद-५

## विविध

१४. कम्पनी सचिव सम्बन्धी व्यवस्था : शेयरधनीको निर्णयबाट ऐन बमोजिम कम्पनीको आवश्यकता अनुसार कम्पनी सचिवको नियुक्त गर्न सकिनेछ।

१५. कम्पनी गाभिने व्यवस्था: (१) यो कम्पनीमा कुनै अर्को कम्पनी गाभिन सक्नेछैन।

(२) यो कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृति लिई गाभ्न सकिनेछ।

१६. कम्पनीको खारेजी: (१) यो कम्पनी स्वेच्छाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा शेयरधनीले निर्णय गरी सो को सात दिनभित्र ऐन अनुसार पेश गर्नुपर्ने लिखतहरु कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम खारेजीको निर्णय गर्दा खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्त गर्नु पर्नेछ। त्यसरी नियुक्त भएको लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक शेयरधनीले तोकेबमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले प्रचलित कानूनको अधीनमा रही कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछ ।

१७. नियमावली संशोधन भएमा लागू हुने अवस्था : यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

१८. नियमावली बाझिएको हदसम्म निष्क्रय हुने : यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

१९. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषण : संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

अनुसूची-५
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
कम्पनी दर्ताको प्रमाणपत्र

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

दर्ता नं.:

कम्पनी दर्ताको प्रमाणपत्र

श्री........................................................................ नामको प्राइभेट लिमिटेड/पब्लिक लिमिटेड/मुनाफा वितरण नगर्ने कम्पनी संवत् २० ..........साल .................महिना ........ गते रोज .......... मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाणपत्र दिइएको छ।

मिति :

..........................................
रजिष्ट्रार

Schedule-5

(Relating to sub-section (1) of Section 5)
Certificate of Incorporation of Company

Government of Nepal
Ministry of Industry, Commerce and Suppies
Office of the Company Registrar

Registration No :

CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to M/S.......................................................................................Private Limited / Public Limited/ Company not Distributing Profit having incorporated it on the ...........day of.............................. pursuant to sub-section (1) of Section 5 of the Companies Act, 2006.

Date :

..........................
Registrar

अनुसूची -६
(दफा १३ को उपदफा (२) र (४) सँग सम्बन्धित)

प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू ,
कम्पनी रजिष्ट्रारको कार्यालय,
..................।

विषय : प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गरी पाऊँ ।

महोदय,

कम्पनी ऐन, २०६३ को दफा १३ को उपदफा (१) को खण्ड (क)/(ख)/(ग) को अवस्था परेकोले यस प्राइभेट लिमिटेड कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी पाऊँ भनी तपसिल बमोजिमको प्रमाण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु / गरेका छौं । कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत हुन सम्पूर्ण आवश्यक शर्तहरु पूरा गरेको छु / गरेका छौं । उक्त कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी पाऊँ ।

संलग्न कागजातहरु :-
(क)
(ख)
(ग)
(आवश्यकतानुसार क्रमशः खुलाउने)

मिति :

निवेदक/निवेदकहरु :
........कम्पनीको तर्फबाट
दस्तखत :
नाम,थर :
पद :
टेलिफोन :
मोबाइल :
फ्याक्स नं.:
पोष्टबक्स नम्बर :
इमेल :
कम्पनीको छाप :
(आवश्यकतानुसार थप गर्दै जाने)

अनुसूची -७

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित

पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय,
............. ।

विषयः पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गरी पाऊँ ।

महोदय,

कम्पनी ऐन,२०६३ को दफा १४ को उपदफा (१) को खण्ड (क)/(ख) को अवस्था परेकोले यस पब्लिक लिमिटेडलाई प्राइभेट लिमिटेड कम्पनीमा परिणत गरी पाउँ भनी तपसिल बमोजिमका प्रमाण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं । कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड कम्पनीमा परिणत हुन सम्पूर्ण आवश्यक शर्तहरु पुरा गरेको छु /गरेका छौं । उक्त कम्पनीलाई प्राइभेट लिमिटेडमा परिणत गरी पाऊँ ।

संलग्न कागजातहरु :-
(क)
(ख)
(ग)
(आवश्यकतानुसार क्रमशः खुलाउने)

मिति :

निवेदक/निवेदकहरु :-
............. कम्पनीको तर्फबाट
दस्तखत :
नाम,थर :
पद :
टेलिफोन :
मोबाइल नं.:
फ्याक्स नं.:
पोष्टबक्स नम्बर :
इमेल :
कम्पनीको छाप :
(आवश्यकतानुसार थप गर्दै जाने)

4

अनुसूची-८
(दफा १३ को उपदफा (३), (५) र दफा १४ को उपदफा (४) सँग सम्बन्धित)
कम्पनी परिणत भएको प्रमाणपत्र

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी परिणत भएको प्रमाणपत्र

श्री.........................................प्राइभेट/पब्लिक लिमिटेड नामक कम्पनी संवत् २० .........साल ................ महिना ... गते रोज........................ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड/पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा १३ को उपदफा (३)/(५) र दफा १४ को उपदफा (४) बमोजिम यो प्रमाणपत्र दिइएको छ।

मिति:-

......................
रजिष्ट्रार

**Schedule-8**
(Relating to sub-section (3), (5) of Section 13 and sub-section (4) of Section 14)
Certificate of Conversion of Company

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
Office of the Company Registrar

**CERTIFICATE OF CONVERSION OF COMPANY**

This Certificate of Conversion is issued to M/S..........................................................Private Limited/ Public Limited Company having converted it from Private Limited to Public Limited/ Public Limited to Private Limited on the ..........day of ...................pursuant to sub-section (3),(5) of Section 13 and sub-section (4)of the Section 14 of the Companies Act, 2006.

Date:-

..........................................
Registrar

अनुसूची- ९
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको प्रबन्धपत्रको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

..................(कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको

प्रबन्धपत्र

१. कम्पनीको नामः यस कम्पनीको नाम..............................हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय .......... जिल्ला........ .......... नगरपालिका/गा.वि.स.मा रहने छ।

३. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस प्रबन्धपत्रमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ।

(ख)"कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति : कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादनमूलक, व्यापारमूलक, सेवामूलक वा अन्य कुन प्रकृतिको हो सो खुलाउने।

५. कम्पनीको उद्देश्यः (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क)

(ख)

(ग)

(घ)

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

६. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : यस कम्पनीले दफा ५ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने।

(अन्य आवश्यक कुराहरु भए सो खुलाउने)

७. कम्पनीको पुँजीको संरचना : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु. ...............................हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. ... दरका ..........थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.........................................हुनेछ।

(ग) कम्पनीको संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.......................... हुनेछ।

८. शेयर वापतको रकमको भुक्तानी : (१) शेयर वापतको रकम कम्पनीले आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयर वापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

९. दायित्व सीमित हुने : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ।

तर शेयरधनीले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

१०. अन्य आवश्यक कुराहरु :(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने वा नपर्ने हो सो कुरा खुलाउने।

(२) संस्थापकले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्ने वा शेयरमा हक पाउने वा नपाउने हो सो कुरा खुलाउने।

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुरा खुलाउने।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुरा खुलाउने।

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरणमा कुनै बन्देज रहेको भए सो कुरा खुलाउने।

११. कम्पनीको प्रकृति अनुरुप कुनै थप व्यवस्था गर्नुपर्ने भए सो कुरा खुलाउने।

१२. छुट्टै नियमावली पेश गर्ने वा नगर्ने सो कुरा खुलाउने।

१३. प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था: यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

१४. प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रबन्धपत्रमा लेखिएका कुराहरु ऐन वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछन्।

१५. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : म .................... प्रा.लि. को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु। यो प्रबन्धपत्रमा उल्लेखित मेरो नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु। यो प्रबन्धपत्रमा लेखिएको कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गरेको छु।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता--को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ........<br>जिल्ला ........<br>नगरपालिका /गा.वि.स.,वडा नं. ... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | | द.<br>नाम :<br>ठेगाना...............<br>.............<br>जिल्ला............<br>......................<br>नगरपालिका/ गा.वि.स.,वडा नं. .... ब्लक नं.....<br>दा. बा. | |

इति संवत् २०......... साल .......... महिना .......... गते रोज ................ शुभम्--------

अनुसूची- १०
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
एकल वाहेकका अन्य प्राइभेट लिमिटेड कम्पनीको प्रबन्धपत्रको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

..........(कम्पनीको नाम पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको
प्रबन्धपत्र

१. कम्पनीको नाम: यस कम्पनीको नाम ........................ हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय .......... जिल्ला........ नगरपालिका/गा.वि.स.मा रहने छ।

३. कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति : कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादनमूलक, व्यापारमूलक, सेवामूलक वा अन्य कुन प्रकृतिको हो सो खुलाउने।

४. कम्पनीको उद्देश्य: (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-
(क)
(ख)
(ग)
(घ)

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने।

(अन्य आवश्यक कुराहरु भए खुलाउने)

६. कम्पनीको पुँजीको संरचना : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूंजी रु. ............................हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. .... दरका ..........थान साधारण शेयर र ..........थान अग्राधिकार शेयर (यदि अग्राधिकार शेयर जारी गरिने भए) मा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पूंजी रु. ............................................हुनेछ। सो पूंजीलाई प्रतिशेयर रु. .... दरका ..........थान साधारण शेयर र ..........थान अग्राधिकार शेयर (यदि अग्राधिकार शेयर जारी गरिने भए) मा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ...................... हुनेछ।

७. कम्पनीको शेयरको किसिम: (१)कम्पनीले साधारण शेयर मात्र जारी गर्ने हो वा साधारण र अग्राधिकार दुवै प्रकारका शेयर जारी गर्ने हो सो कुरा खुलाउने ।

(२) अग्राधिकार शेयर जारी गर्ने भए निम्न कुरा खुलाउने :-

(क) अग्राधिकार शेयर संख्या .... र प्रति शेयरको मूल्य रु. ....,

(ख) अग्राधिकार शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था ,

(ग) अग्राधिकार शेयर साधारण शेयरमा परिणत हुने वा नहुने हो सो कुरा ।

(३) अन्य कुनै प्रकारको शेयर जारी हुने भए सो कुराको विवरण खुलाउने ।

८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :

(क)

(ख)

(ग)

(आवश्यकतानुसार क्रम संख्या मिलाई खुलाउने)

९. शेयर बापतको रकमको भुक्तानी : (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर बापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर बापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. शेयरधनीको अधिकतम संख्या : शेयरधनीहरुको अधिकतम संख्या पचास जना भन्दा बढी नहुने गरी खुलाउने तर कर्मचारीहरुलाई शेयर बिक्री गर्ने योजना अन्तर्गत कम्पनीका शेयर खरिद गरेका कर्मचारी वा त्यस्तो योजना अन्तर्गत शेयर खरिद गरी सकेका तर तत्काल कम्पनीका सेवामा नरहेका कर्मचारीलाई शेयरधनीको अधिकतम संख्याको निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिने छैन ।

११. दायित्व सीमित हुने : यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१२. अन्य आवश्यक कुराहरु : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने वा नपर्ने हो सो कुरा खुलाउने,

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक कुनै किसिमबाट शेयर खरिद गर्ने वा शेयरमा हक पाउने वा नपाउने हो सो कुरा खुलाउने,

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुरा खुलाउने,

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुरा खुलाउने,

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरणमा कुनै बन्देज रहेको भए सो कुरा खुलाउने ।

१३. कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

१४. प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था : यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी (साधारण सभा गर्ने कम्पनी भए ) वा सर्वसम्मत सम्झौतामा उल्लेख भए बमोजिम निर्णय गरी (साधारण सभा नगर्ने कम्पनी भए) सो प्रस्ताव वा निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१५. <u>प्रबन्धपत्र बाभिएको हदसम्म अमान्य हुने</u> : यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाभिएमा बाभिएको हदसम्म स्वतः बदर हुनेछ ।

१६. <u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण</u> : हामी.................... प्रा.लि. का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले भुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, भुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता-को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ........ जिल्ला<br>......... नगरपालिका<br>/गा.वि.स.,वडा नं. ...<br>ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा.<br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | | द.<br>नाम :<br>ठेगाना............<br>.................<br>जिल्ला..........<br>.....................<br>नगरपालिका/<br>गा.वि.स., वडा<br>नं. ........ ब्लक<br>नं..........<br>दा. बा. | |

इति संवत् २०........ साल ............. महिना ........... गते रोज ................ शुभम्--------

अनुसूची- ११
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
पब्लिक लिमिटेड कम्पनीको प्रबन्धपत्रको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

.................(कम्पनीको पूरा नाम लेख्ने) पब्लिक लिमिटेड कम्पनीको
प्रबन्धपत्र

१. कम्पनीको नाम: यस कम्पनीको नाम.............................................हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय ........... जिल्ला......... ........... नगरपालिका/गा.वि.स. मा रहनेछ।

३. कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति : कम्पनीले गर्ने व्यवसाय वा कारोबार उत्पादनमूलक, व्यापारमूलक, सेवामूलक वा अन्य कुन प्रकृतिको हो सो खुलाउने।

४. कम्पनीको उद्देश्य: (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-
(क)
(ख)
(ग)
(घ)

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने,

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने।

(अन्य आवश्यक कुराहरु भए खुलाउने )

६. कम्पनीको पूँजीको संरचना : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु. ............... हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. .... दरका .......... थान साधारण शेयर र ........... थान अग्राधिकार शेयर (यदि अग्राधिकार शेयर जारी गरिने भए) मा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु ..............................................हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. .... दरका .......... थान साधारण शेयर र .......... थान अग्राधिकार शेयर (यदि अग्राधिकार शेयर जारी गरिने भए) मा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.......................हुनेछ।

(घ) कम्पनीले जारी पूँजीको ......प्रतिशत साधारण शेयर र ............ प्रतिशत अग्राधिकार शेयर सर्वसाधारणको लागि छुट्याएको छ।

७. कम्पनीको शेयरको किसिम: (१) कम्पनीले साधारण शेयर मात्र जारी गर्ने हो वा साधारण र अग्राधिकार दुवै प्रकारका शेयर जारी गर्ने हो सो कुरा खुलाउने।

(२) अग्राधिकार शेयर जारी गर्ने भए निम्न व्यहोरा खुलाउने :-

(क) अग्राधिकार शेयर संख्या .... र प्रति शेयरको मूल्य रु. .... ,

(ख) अग्राधिकार शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था,

(ग) अग्राधिकार शेयर साधारण शेयरमा परिणत हुने वा नहुने सो कुरा।

(३) अन्य कुनै प्रकारको शेयर जारी हुने भए सो कुराको विवरण खुलाउने।

८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :

(क)

(ख)

(ग)

(आवश्यकतानुसार क्रम संख्या मिलाई खुलाउने)

९. शेयर वापतको रकमको भुक्तानी : (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. दायित्व सीमित हुने : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

११. अन्य आवश्यक कुराहरु : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने वा नपर्ने हो सो कुरा खुलाउने,

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्न वा शेयरमा हक पाउने वा नपाउने हो सो कुरा खुलाउने,

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुरा खुलाउने,

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुरा खुलाउने,

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरणमा कुनै बन्देज रहेको भए सो कुरा खुलाउने ।

१२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने।

१३. प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था : यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

१४. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१५. संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी ....................लि. का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ....... जिल्ला<br>........ नगरपालिका<br>/गा.वि.स.,वडा नं.<br>... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा.<br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | | द.<br>नाम :<br>ठेगाना..............<br>..............<br>जिल्ला............<br>....................<br>नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक<br>नं..........<br>दा. बा. | |

इति संवत् २०.. ...... साल ............ महिना .......... गते रोज ............... शुभम्--------

अनुसूची- १२
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
मुनाफा वितरण नगर्ने कम्पनीको प्रबन्धपत्रको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

......................(कम्पनीको पूरा नाम लेख्ने) मुनाफा वितरण नगर्ने कम्पनीको
प्रबन्धपत्र

१. कम्पनीको नाम: यस कम्पनीको नाम..............................हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय .......... जिल्ला......... .......... नगरपालिका/गा.वि.स.मा रहनेछ।

३. कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति : कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति कस्तो हुने हो सो खुलाउने।

४. कम्पनीको उद्देश्य: (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क)

(ख)

(ग)

(घ)

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिने छ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने।

(अन्य आवश्यक कुराहरु भए खुलाउने)

६. कम्पनीको प्रारम्भिक पुँजी रकम : (कम्पनी संस्थापना गर्दाका बखत आवश्यक रकम र सो को स्रोत खुलाउने)

७. कम्पनीको लागि शेयर पुँजी आवश्यक नपर्ने : (१) यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पुँजी आवश्यक पर्नेछैन।

तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानून बमोजिम कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ।

(२) कम्पनीका सदस्यहरुले सदस्यता शुल्क बापत एकमुष्ठ रकम बुझाउनुपर्ने वा वार्षिक सदस्यता शुल्क बुझाउनुपर्ने वा दुवै बुझाउनुपर्ने हो सो कुरा खुलाउने।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ। यस्तो रकम कम्पनीको नियमित कारोबारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिनेछ।

(४) कम्पनीको उद्देश्य परिपूर्ति गर्न कुनै अक्षय कोषको स्थापना र सञ्चालन गर्नु पर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने।

८. मुनाफा वितरण गर्न नपाउने : (१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी वृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिनेछ।

९. कम्पनीको सदस्यता प्राप्ति र नवीकरण: कम्पनीको सदस्य हुन आवश्यक पर्ने शर्त, योग्यता, सदस्यताको किसिम, सदस्यता प्राप्त गर्ने र नवीकरण गर्ने प्रकृयाहरु खुलाउने।

१०. सदस्यता हस्तान्तरण नहुने : कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन।

११. सदस्यता समाप्त हुने अवस्था : यस कम्पनीका सदस्यको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :-

(क) कम्पनीको सदस्यताबाट राजीनामा दिएमा,

(ख) कम्पनीको सदस्यको मृत्यु भएमा,

(ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित संस्थासँग गाभिएमा,

(घ) कम्पनीको सदस्य दामासाहीमा परेमा,

(ङ) प्रचलित कानून बमोजिम कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा।

(सदस्यता समाप्त हुने अन्य अवस्थाहरु भए सो उल्लेख गर्ने)

१२. दायित्व सीमित हुने : कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसको सदस्य जिम्मेवार हुने छैन।

१३. अन्य आवश्यक कुराहरु : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने वा नपर्ने हो सो कुरा खुलाउने,

(२) कम्पनीले कारोबार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुरा खुलाउने।

१४. कम्पनीको प्रकृति अनुरुप कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने।

१५. प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था : यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिने छ।

१६. प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ।

१७. संस्थापकहरुको विवरण र उद्घोषण: हामी .................... का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता-को प्रमाण पत्र नं. र जिल्ला |
|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ........ जिल्ला<br>........ नगरपालिका<br>/गा.वि.स.,वडा नं. ...<br>ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा.<br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | द.<br>नाम :<br>ठेगाना...............<br>..............<br>जिल्ला.............<br>.....................<br>नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक<br>नं...........<br>दा. बा. | |

इति संवत् २०......... साल ............. महिना ............ गते रोज .............. शुभम्---------

अनुसूची- १३
(दफा १९ को उपदफा (४) संग सम्बन्धित)
त्रुटी सच्याउने सम्बन्धी निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय
....................।

विषयः- त्रुटी सच्याई पाउँ ।

महोदय,

मैले/हामीले .............................................. नामको कम्पनी मिति ........................... मा दर्ता गराई प्रमाणपत्र लिएकोमा उक्त कम्पनीको प्रबन्धपत्र/नियमावलीमा त्रुटी देखिएको हुँदा सच्याई पाउन सञ्चालक समितिको मिति ............................ को निर्णय यसैसाथ संलग्न गरी यो निवेदन दिएको छु/दिएका छौं । सच्याइएको प्रबन्धपत्र/नियमावलीको दुई प्रति यसैसाथ संलग्न गरिएको छ ।

मिति :

निवेदक

........................
(कम्पनीको अधिकारप्राप्त व्यक्तिको)
दस्तखत :
नाम :
कम्पनीको नाम :

3

अनुसूची- १४
(दफा २० को उपदफा (४) सँग सम्बन्धित)
प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

.........................(कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको
नियमावली

परिच्छेद - १
प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम..................................................हुनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय ........जिल्ला..................नगरपालिका/ गाउँ विकास समितिमा रहनेछ ।

३. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले ........................ प्रा.लि. सम्झनु पर्छ ।

(घ) "पदाधिकारी " भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-२
शेयर पुँजी तथा ऋण

५. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य रु ............. हुनेछ ।

६. शेयरमा लियन रहने कुरा : शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :

(१)
(२)
(आवश्यकतानुसार क्रम संख्या बढाई खुलाउने )

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा खुलाउने ।

९. अग्राधिकार शेयर सम्बन्धी व्यवस्था :अग्राधिकार शेयर जारी गर्ने भए सो सम्बन्धमा देहायका कुरा खुलाउने :-

(क) साधारण शेयर भन्दा अगाडि लाभांश प्राप्त गर्ने कुरा,
(ख) अग्राधिकार शेयरधनीले कति प्रतिशत लाभांश प्राप्त गर्ने हो सो कुरा,
(ग) प्रत्येक वर्ष मुनाफा जोडिदै जाने (क्यूमुलेटिभ) हो वा मुनाफा भएको वर्ष मात्र मुनाफा (नन् क्युमुलेटिभ) वितरण हुने हो सो कुरा,
(घ) कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार दिने वा नदिने हो सो कुरा,
(ङ) मताधिकार हुने वा नहुने र मताधिकार हुने भए अग्राधिकार शेयरको विषयमा मात्र वा अन्य विषयमा पनि हुने हो सो कुरा,
(च) खण्ड (ङ) बमोजिम अन्य कुरामा पनि मताधिकार हुने भए कुन अनुपातमा मताधिकार हुने हो सो कुरा,
(छ) साधारण शेयरमा परिवर्तन हुन सक्ने वा नसक्ने हो सो कुरा,
(ज) अग्राधिकार शेयर रकम निश्चित अवधिपछि फिर्ता गर्न सकिने (रिडिमेबल) वा फिर्ता गर्न नसकिने (इरिडिमेबल) के हुने हो सो कुरा,
(झ) अग्राधिकार शेयर फिर्ता गर्दा प्रिमियम सहित वा प्रिमियम बिना फिर्ता हुने हो सो कुरा,
(ञ) अन्य आवश्यक कुनै कुरा भए सो कुरा खुलाउने ।

१०. संस्थापकले लिनु पर्ने शेयर : कम्पनीको संस्थापक हुन ..... कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था : कम्पनीले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था : (१) कम्पनीको कुनै शेयरधनीले सञ्चालक समितिको पूर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

(२) आफ्नो नाममा रहेको शेयर विक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीले सञ्चालक समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर विक्री गर्न लागेको भए आफूले विक्री गर्न चाहेको शेयरको मूल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितोवापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति समेत खुलाउनु पर्नेछ ।

(३) कुनै शेयरधनीले उपनियम (२) बमोजिम शेयर विक्री गर्नको निमित्त जानकारी गराएमा सञ्चालक समितिले सो जानकारी पाएको सात दिनभित्र अन्य शेयरधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(४) कुनै शेयरधनीले यसरी बिक्री हुन लागेको शेयर खरीद गर्न चाहेमा उपनियम (३) बमोजिम जानकारी पाएको पैंतीस दिनभित्र सो कुराको जानकारी सञ्चालक समितिलाई दिनुपर्नेछ ।

(५) शेयर खरीद गर्न चाहने उपनियम (४) बमोजिम जानकारी दिने शेयरधनीले त्यसरी जानकारी दिएको तीन महिनाभित्र त्यस्तो शेयर खरीद गर्नु पर्नेछ । एक भन्दा बढी शेयरधनीले उपनियम (४) बमोजिम जानकारी दिएकोमा सबैभन्दा पहिले जानकारी दिने शेयरधनीले शेयर खरीद गर्न पाउनेछ ।

(६) उपनियम (४) बमोजिम पैंतीस दिनभित्र कुनै पनि शेयरधनीले शेयर खरीद गर्न चाहेको जानकारी सञ्चालक समितिलाई नदिएमा सञ्चालक समितिले उपनियम (२) बमोजिम जानकारी दिने शेयरधनीलाई सो कम्पनीका शेयरधनी वाहेक अन्य व्यक्तिलाई शेयर विक्री गर्न स्वीकृति दिनेछ र त्यस्तो स्वीकृति एक वर्षसम्म कायम रहनेछ ।

तर यस उपनियम बमोजिम अन्य व्यक्तिलाई शेयर विक्री गर्दा उपनियम (२) मा उल्लिखित मूल्य भन्दा कम मूल्यमा शेयर विक्री गर्न पाउने छैन ।

(७) कुनै शेयरधनीले आफ्नो शेयर कम्पनीका शेयरधनी वाहेक अन्य व्यक्तिलाई धितोबन्धक राख्न उपनियम (२) बमोजिम जानकारी गराएमा सञ्चालक समितिले जानकारी पाएको पन्ध्र दिनभित्र धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सोको जानकारी शेयरधनीलाई दिनुपर्नेछ । स्वीकृति नदिने भए सोको कारण समेत खुलाउनुपर्नेछ ।

(८) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शेयर बिक्री वा हस्तान्तरण वा धितो बन्धक राख्ने सम्बन्धमा मिति ................. मा भएको सर्वसम्मत सम्झौतामा लेखिएको कुराको हकमा सोही बमोजिम हुनेछ (सर्वसम्मत सम्झौता भएको कम्पनीले मात्र उल्लेख गर्ने)।

(९) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।

१३. शेयरको प्रमाण पत्र : कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुन-कुन पदाधिकारीले दस्तखत गरी जारी गर्ने हो सो कुरा खुलाउने।

१४. शेयर पूँजी हेरफेर गर्ने कुरा : साधारण सभा गर्ने कम्पनी भए साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ। साधारण सभा नगर्ने कम्पनी भए कसरी शेयरपूँजी हेरफेर गरिने हो सो कुरा खुलाउने।

१५. ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था : (१) कम्पनीले ऋण वा डिबेञ्चर उठाउने भए सो कुरा खुलाउने,

(२) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्ने वा नसक्ने हो सो कुरा खुलाउने,

(३) उपनियम (२) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त भएमा सो कुरा खुलाउने,

(४) कम्पनीको डिबेञ्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ,

(५) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा कुनै शर्त बन्देज भए सो कुरा खुलाउने,

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

१६. शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण : शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा......दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ।

## परिच्छेद ३

## साधारण सभा

१७. साधारण सभा सम्बन्धी व्यवस्था : (१) साधारण सभा गर्ने वा नगर्ने हो सो कुरा उल्लेख गर्ने।

(२) उपनियम (१) बमोजिम साधारण सभा नगर्ने भए साधारण सभाले गर्नु पर्ने काम कारवाही तथा निर्णय कसले गर्ने हो सो कुरा खुलाउने।

(३) साधारण सभा गर्ने भए साधारण सभा सम्बन्धी यस नियमावलीको सबै व्यवस्था लागू हुनेछ साधारण सभा नगर्ने कम्पनीका सम्बन्धमा नियम १८ देखि २७ सम्मको व्यवस्था लागू हुनेछैन।

१८. कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था : (१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले ...........महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको..............महिनाभित्र गरिनेछ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा .... दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ........ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न

प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २४ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा.......दिनको म्याद दिइ पुन : साधारण सभा बोलाइनेछ ।

(७) साधारण सभा गर्नु पर्ने स्थानका सम्बन्धमा कुनै बन्देज भए सो कुरा खुलाउने (जस्तै- नेपाल बाहिर वा कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्ला बाहेक अन्यत्र गई साधारण सभा गर्न सकिने वा नसकिने कुरा खुलाउने) ।

१९. <u>साधारण सभाको कार्यविधि</u> : (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानिएको संञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले बिधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सतसठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको सभाबाट कुनै प्रस्ताव पास गर्न सकिने भए सो कुरा खुलाउने ।

(१०) सञ्चार सम्पर्कको माध्यमबाट साधारण सभामा भाग लिन पाउने विषयमा कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

(११) सभाका सम्बन्धमा थप कार्यबिधि आवश्यक भए सो कुरा खुलाउने ।

२०. <u>साधारण सभाबाट परित गर्नु पर्ने विशेष प्रस्ताव लगायतका प्रस्तावहरु पारित गर्न साधारण सभा नबोलाई शेयरधनीहरुको लिखित प्रस्तावबाट पारित हुन सक्ने भएमा सो कुरा खुलाउने ।</u>

२१. <u>साधारण सभामा पेश गर्ने अन्य विषय</u> : ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने भए सो कुरा खुलाउने ।

२२. <u>विशेष प्रस्ताव</u> : ऐनमा उल्लेख भएको विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नुपर्ने अन्य कुनै विषय भएमा सो कुरा उल्लेख गर्ने ।

२३. <u>विशेष साधारण सभा</u> : ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२४. <u>गणपूरक संख्या</u> : बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ........ प्रतिशत (कति प्रतिशत आवश्यक पर्ने हो सो खुलाउने) शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा....... जना (कतिजना

शेयरधनी आवश्यक पर्ने हो सो कुरा खुलाउने ) शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा ........ ...... प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा .............. जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२५. प्रोक्सी मत सम्बन्धी व्यवस्था : (१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि मार्फत मतदान गर्न पाउने वा नपाउने हो सो कुरा खुलाउने ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा तोकिएको भए कतिसम्म मतदान गर्न पाउने हो सो कुरा खुलाउने ।

२६. मतदान : (१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर बापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गर्न सकिने भए त्यस्तो शेयर बापत कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउने हो सो कुरा खुलाउने ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गर्ने भए सो कुरा खुलाउने ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने भए कुन अनुपातमा मतदान गर्न सकिने हो सो कुरा खुलाउने ।

(५) सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने ।

(६) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी ) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२७. साधारण सभाको निर्णय विवरणको अभिलेख : (१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिने छ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्ने छ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्ने छ ।

## परिच्छेद-४
## सञ्चालक समिति

२८. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: (१)सञ्चालक समिति रहने वा नरहने हो सो कुरा खुलाउने ।

(२) सञ्चालक समिति नरहने भए सञ्चालक समितिको निर्णय अनुसार सम्पादन गर्नु पर्ने काम कसले गर्ने हो सो कुरा खुलाउने । सञ्चालक समिति नरहने कम्पनीको नियमावलीमा नियम २८ को उपनियम (३) देखि नियम ३९ सम्मको व्यवस्था खुलाउन् पर्ने छैन ।

(३) सञ्चालक समिति रहने हो भने देहायका कुराहरु खुलाउने:-

(क) यस कम्पनीमा ...... जनाको सञ्चालक समिति हुनेछ ।

(ख) सञ्चालकहरुको कार्यकाल .....वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा  हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) यस कम्पनीको प्रथम ाार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ :

(क)

(ख)

(ग)

२९. <u>सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या</u> : यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा............ कित्ता  शेयर लिएको हुनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

३०. <u>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने</u> ।

३१. <u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने</u> : एक पटक सञ्चालक भैसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुन नसक्ने भए सो कुरा खुलाउने ।

३२. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u> : कुनै समूह, किसिम वा वर्गका शेयरधनीलाई सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

३३. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u> : (१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

तर यसरी एकपटक  तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

(३) साधारण सभा नहुने कम्पनी भए सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा कसले तोक्ने हो सो कुरा खुलाउने ।

३४. <u>सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरु</u> : ऐनमा उल्लेख भएका अधिकार र कर्तव्य बाहेक ऐनको अधीनमा रही सञ्चालक समितिको कुनै विशेष अधिकार र कर्तव्य तोक्ने भए सो कुरा खुलाउने ।

३५. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था</u> : (१) सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने हो सो कुरा खुलाउने ।

(२) अधिकार प्रत्यायोजन गर्न सक्ने भए कुन कुन विषयमा र कसलाई (जस्तोः सञ्चालकहरुको उपसमिति वा कुनै सञ्चालक वा पदाधिकारी) अधिकार प्रत्यायोजन गर्न सकिने हो सो कुरा खुलाउने ।

३६. <u>प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था</u> : (१) प्रवन्ध सञ्चालक नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(२) प्रवन्ध सञ्चालक नियुक्त गर्ने हो भने निजको योग्यता, काम,कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने ।

(३) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु करारद्वारा निश्चित गरिनेछ ।

३७. सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने : अध्यक्ष, कम्पनी सचिव वा कार्यकारी प्रमुख वा अन्य व्यक्तिमध्ये कसले सञ्चालक समितिको बैठक बोलाउने हो सो कुरा खुलाउने ।

३८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि : (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ (अन्य कुनै माध्यमबाट सूचना दिनु पर्ने व्यवस्था भए सो कुरा खुलाउने) ।

(३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्य लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. सञ्चालक समितिको निर्णयको अभिलेख : (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ।

४०. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था : (१) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने।

(२) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने हो भने निजको योग्यता, काम कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने। प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु करारद्वारा निश्चित गरिनेछ।

## परिच्छेद -५
## हिसावकिताव, लेखा तथा लेखापरीक्षण

४१. कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण: (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ।

(२) कम्पनीले राख्नुपर्ने हिसाबकिताबमा प्रति दिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोवार भएको आर्थिक वर्षमा कम्पनीले आफ्नो हिसाबकिताव लेखापरीक्षण गराउनेछ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउन पर्ने भएमा सो प्रयोजनको लागि वार्षिक साधारण सभा हुने भए सोही सभा र त्यस्तो साधारण सभा नहुने भए सञ्चालक समितिले वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था अनुसार ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ। कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ।

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ।

## परिच्छेद -६
## विविध

४२. लाभांश सम्वन्धी व्यावस्था : (१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ।

(३) अन्तरिम लाभांश वितरण गर्ने वा नगर्ने सो कुरा खुलाउने।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ।

४३. शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना : कम्पनीले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्ने वा नसक्ने हो सो कुरा खुलाउने।

४४. कम्पनी सचिव सम्बन्धी व्यवस्था: कम्पनी सचिवको नियुक्ति हुने कम्पनी भए सो सम्बन्धी व्यवस्था, निजको पदावधि, सेवा शर्त र निजको काम, कर्तव्य र अधिकार खुलाउने।

४५. **कम्पनीको छाप सम्बन्धी व्यवस्था :** (१) कम्पनीले छाप प्रयोग गर्ने भए सो छाप कसको जिम्मामा रहने हो सो कुरा खुलाउने ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गर्ने कुरा खुलाउने ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :** (१) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु...... दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभा गर्ने कम्पनी भए साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.... दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समिति रहने कम्पनी भए सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.... दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु........ दस्तुर लाग्ने छ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. ...... दस्तुर लाग्नेछ ।

४७. **कम्पनी गाभिने कुरा :** (१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी वा साधारण सभा नगर्ने कम्पनी भए सर्वसम्मत सम्झौतामा उल्लेखित व्यवस्था अनुसार ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आँफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कुनै कम्पनी अर्को कम्पनीसंग गाभिदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

४८. **कम्पनीको खारेजी :** (१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ (साधारण सभा नगर्ने कम्पनी भए कम्पनी खारेजी गर्ने अधिकार कसलाई हुने हो र कुन प्रक्रियाद्वारा कम्पनीको खारेजी गरिने हो सो कुरा खुलाउने) ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

४९. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने ।**

५०. **अन्य आवश्यक कुराहरु :** अन्य आवश्यक कुनै कुरा भए सो कुरा खुलाउने ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था:** यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभा गर्ने कम्पनी भए साधारण सभामा विशेष प्रस्ताव पारित गरी वा साधारण सभा नगर्ने कम्पनी भए सर्वसम्मत सम्झौता बमोजिम निर्णय गरी त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने :** यस नियमावलीमा लेखिएको कुरा ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वत: बदर हुनेछ ।

५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषण :** हामी.................... प्रा.लि. को संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी

व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबु/पति को नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ........<br>जिल्ला ........<br>नगरपालिका /गा.वि.स.,वडा नं. ... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स.:<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा.<br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | | द.<br>नाम :<br>ठेगाना.................. ..........<br>जिल्ला............<br>..........नगरपालिका / गा.वि.स.,वडा नं. ........ ब्लक नं...........<br>दा. बा. | |

इति संवत् २०.. ........साल ....... .......महिना ............ गते रोज ............ शुभम्--------

अनुसूची-१५
(दफा २० को उपदफा (४) सँग सम्बन्धित)
पब्लिक लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

..................(कम्पनीको पूरा नाम लेख्ने) पब्लिक लिमिटेड कम्पनीको
नियमावली

परिच्छेद - १
प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम ........................... हुनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय ............... जिल्ला ............... नगरपालिका/गाउँ विकास समितिमा रहनेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा;

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले ..................... लिमिटेड सम्झनु पर्छ । .

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रवन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद - २
शेयर पूँजी तथा ऋण

५. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य रु............. हुनेछ ।

६. शेयरमा लियन रहने कुरा : शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर बापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :

(क)

(ख)

(आवश्यकतानुसार क्रम संख्या बढाई खुलाउने )

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा खुलाउने ।

९. अग्राधिकार शेयर : अग्राधिकार शेयर जारी गर्ने भए सो सम्बन्धमा देहायका कुरा खुलाउने :-
(क) साधारण शेयर भन्दा अगाडि लाभांश प्राप्त गर्ने कुरा,
(ख) अग्राधिकार शेयरधनीले कति प्रतिशत लाभांश प्राप्त गर्ने हो सो कुरा,
(ग) प्रत्येक वर्ष मुनाफा जोडिदै जाने (क्युमुलेटिभ) हो वा मुनाफा भएको वर्ष मात्र मुनाफा (नन् क्युमुलेटिभ) वितरण हुने हो सो कुरा,
(घ) कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार दिने वा नदिने हो सो कुरा,
(ङ) मताधिकार हुने वा नहुने र मताधिकार हुने भए अग्राधिकार शेयरको विषयमा मात्र वा अन्य विषयमा पनि हुने हो सो कुरा,
(च) खण्ड (ङ) बमोजिम अन्य कुरामा पनि मताधिकार हुने भए कुन अनुपातमा मताधिकार हुने हो सो कुरा,
(छ) साधारण शेयरमा परिवर्तन हुन सक्ने वा नसक्ने हो सो कुरा,
(ज) अग्राधिकार शेयर रकम निश्चित अवधिपछि फिर्ता गर्न सकिने (रिडिमेवल) वा फिर्ता गर्न नसकिने (इरिडिमेवल) के हुने हो सो कुरा,
(झ) अग्राधिकार शेयर फिर्ता गर्दा प्रिमियम सहित वा प्रिमियम बिना फिर्ता हुने हो सो कुरा,
(ञ) अन्य आवश्यक कुनै कुरा भए सो कुरा खुलाउने ।

१०. संस्थापकले लिनु पर्ने शेयर : कम्पनीको संस्थापक हुन ..... कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था : कम्पनीले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. शेयर बिकी वा धितोबन्धक सम्बन्धी व्यवस्था : (१) कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिकी गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिकी वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३. शेयरको प्रमाण पत्र : कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये को को दुई जनाले दस्तखत गर्ने हो सो कुरा खुलाउने ।

१४. शेयर पूंजी हेरफेर गर्ने कुरा : साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूंजी हेरफेर गर्न सकिनेछ ।

१५. आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था : (१) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्ने भए सो कुरा खुलाउने ।

(२) आफ्नो शेयर आफै खरिद गर्नसक्ने भए कति प्रतिशतसम्म खरिद गर्न सक्ने हो सो कुरा खुलाउने ।

(३) आफ्नो शेयर आफै खरिद गर्न कुनै अन्य शर्त पूरा गर्नु पर्ने भए सो कुरा खुलाउने ।

१६. ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था : (१) कम्पनीले ऋण वा डिबेञ्चर उठाउने भए सो कुरा खुलाउने ।

(२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेञ्चर उठाउन सक्ने छैन ।

(३) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्ने वा नसक्ने हो सो कुरा खुलाउने ।

(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त भएमा सो कुरा खुलाउने ।

(५) कम्पनीको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा ऐनमा उल्लेख भएकोभन्दा थप व्यवस्था गरिने भए सो कुरा खुलाउने ।

१७. शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण : शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा.....दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

परिच्छेद - ३
साधारण सभा

१८. कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था : (१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले ........... महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ..............महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा ........ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ........... दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा ..........दिनको म्याद दिइ पुन : साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा............दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

१९. साधारण सभाको कार्यविधि : (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधतावारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सत्सठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ।

(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको सभाबाट कुनै प्रस्ताव पास गर्न सकिने भए सो कुरा खुलाउने।

(१०) सभाका सम्बन्धमा थप कार्यविधि आवश्यक भए सो कुरा खुलाउने।

२०. साधारण सभामा पेश गर्ने अन्य विषय : ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने भए सो कुरा खुलाउने।

२१. विशेष प्रस्ताव : ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नुपर्ने अन्य कुनै विषय भएमा सो कुरा खुलाउने।

२२. विशेष साधारण सभा : ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ।

२३. गणपुरक संख्या : बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ..... प्रतिशत (कति प्रतिशत आवश्यक पर्ने हो सो खुलाउने) शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा....... जना (कतिजना शेयरधनी आवश्यक पर्ने हो सो खुलाउने ) शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन।

२४. प्रोक्सी मत सम्बन्धी व्यवस्था : (१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ।

(३) प्रतिनिधि मार्फत मतदान गर्न पाउने वा नपाउने हो सो कुरा खुलाउने।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा तोकिएको भए कतिसम्म मतदान गर्न पाउने हो सो कुरा खुलाउने।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन।

२५. मतदान :(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गर्न सकिने भए त्यस्तो शेयर वापत कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउने हो सो कुरा खुलाउने।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गर्ने भए सो कुरा खुलाउने।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने भए कुन अनुपातमा मतदान गर्न सकिने हो सो कुरा खुलाउने।

(५) सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने।

२६. साधारण सभाको निर्णय विवरणको अभिलेख : (१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ४
## सञ्चालक समिति

२७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: (१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यस कम्पनीमा ........जनाको सञ्चालक समिति हुनेछ जसमा ............जना स्वतन्त्र सञ्चालक रहनेछन् ।

(३) सञ्चालकहरुको कार्यकाल ..........वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(७) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ :

(क)

(ख)

(ग)

(घ)

(आवश्यकतानुसार थप गर्दै जाने)

२८. सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या : यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा............ कित्ता शेयर लिएको हुनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने : (१) स्वतन्त्र र व्यवसायिक सञ्चालकको योग्यता खुलाउने ।

(२) स्वतन्त्र र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तीन गुणा बढी योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(३) स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ ।

(४) स्वतन्त्र र व्यवसायिक सञ्चालकको काम, कर्तव्य, जवाफदेही तथा सुविधाको कुरा खुलाउने ।

३०. सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक सञ्चालक भैसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन नसक्ने भए सो कुरा खुलाउने ।

३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : सञ्चालक समितिमा कुनै समूह, किसिम वा वर्गका शेयरधनी प्रतिनिधित्व हुने गरी कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ । तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३३. सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरु : ऐनमा उल्लेख भएका अधिकार र कर्तव्य बाहेक ऐनको अधीनमा रही सञ्चालक समितिको कुनै विशेष अधिकार र कर्तव्य तोक्ने भए सो कुरा खुलाउने ।

३४. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था : (१) सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने के हो सो कुरा खुलाउने ।

(२) अधिकार प्रत्यायोजन गर्न सक्ने भए कुन कुन विषयमा र कसलाई (जस्तैः सञ्चालकहरुको उपसमिति वा कुनै सञ्चालक वा पदाधिकारी) अधिकार प्रत्यायोजन गर्न सकिने हो सो कुरा खुलाउने ।

३५. प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था : (१) प्रबन्ध सञ्चालक नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(२) प्रबन्ध सञ्चालक नियुक्त गर्ने हो भने निजको योग्यता, काम,कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने ।

(३) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु करारद्वारा निश्चित गरिनेछ ।

३६. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था : (१) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(२) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने हो भने निजको योग्यता, काम, कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने ।

(३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु करारद्वारा निश्चित गरिनेछ ।

३७. सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउनेः अध्यक्ष, कम्पनी सचिव वा कार्यकारी प्रमुख वा अन्य व्यक्ति मध्ये कसले सञ्चालक समितिको बैठक बोलाउने हो सो कुरा खुलाउने ।

३८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि : (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ (अन्य कुनै माध्यमबाट सूचना दिनु पर्ने व्यवस्था भए सो कुरा खुलाउने) ।

(३) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ।

(४) सञ्चालकहरुको कूल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ। त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकबिना पनि गर्न सकिनेछ। त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ।

३९. सञ्चालक समितिको निर्णयको अभिलेख : (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ। यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद - ५
## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण : (१) कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताब लेखापरीक्षण गराउनेछ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसावकिताव कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४१. लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था: ऐन अनुसार लेखापरीक्षण समिति राख्नु पर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने ।

## परिच्छेद - ६
## विविध

४२. लाभांश सम्बन्धी व्यवस्था : (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) अन्तरिम लाभांश वितरण गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना : कम्पनीले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले कम्पनी, सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्ने वा नसक्ने हो सो कुरा खुलाउने ।

४४. कम्पनी सचिव : कम्पनी सचिवको नियुक्ति हुने कम्पनी भए सो सम्बन्धी व्यवस्था, निजको पदावधि, सेवा शर्त र निजको काम, कर्तव्य र अधिकार खुलाउने ।

४५. कम्पनीको छाप : (१) कम्पनीले छाप प्रयोग गर्ने भए सो छाप कसको जिम्मामा रहने हो सो कुरा खुलाउने ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व बापत सिर्जना हुने रकम असुल उपर गर्ने कुरा खुलाउने ।

४६. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था : (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु...... दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.... दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.... दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु........ दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता कितावको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. ...... दस्तुर लाग्नेछ ।

४७. कम्पनी गाभिने कुरा : (१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कम्पनी अर्को कम्पनीसंग गाभिंदा, शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको विक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

४८. कम्पनीको खारेजी : (१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ। त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन्।

४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो करा खुलाउने ।

५०. अन्य आवश्यक कुराहरु : अन्य आवश्यक कुनै कुरा भए सो खुलाउने।

५१. नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था : यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ।

५२. नियमावली बाँझिएको हदसम्म अमान्य हुने : यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाँझिएमा बाँझिएको हदसम्म स्वत: बदर हुनेछन्।

५३. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी................... लि. का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौं।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता को प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता-को प्रमाणपत्रनं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम :<br>ठेगाना ........ जिल्ला<br>........ नगरपालिका<br>/गा.वि.स.,वडा नं. ...<br>ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा.<br><br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | | द.<br>नाम :<br>ठेगाना..................<br>...........<br>जिल्ला............<br>.......................नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक नं...........<br><br>दा. बा. | |

इति संवत् २०....... साल ............ महिना ............ गते रोज ......... शुभम्--------

अनुसूची-१६
(दफा २० को उपदफा (४) सँग सम्बन्धित)
मुनाफा वितरण नगर्ने कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

..................(कम्पनीको पुरा नाम लेख्ने) मुनाफा वितरण नगर्ने कम्पनीको

नियमावली

परिच्छेद - १
प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम..............................................हुनेछ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय..................जिल्ला ....................नगरपालिका/गाउँ विकास समितिमा रहनेछ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले ...................... सम्झनु पर्छ।

(घ) "पदाधिकारी " भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनुपर्छ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनुपर्छ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद - २
साधारण सभा

५. कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनु पर्ने सुचना सम्बन्धी कुराहरु : (१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुने छन् :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले .............महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ..................महिना भित्र गरिनेछ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा .........दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ................ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै सदस्यलाई सूचना दिइनेछ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन्। यसरी साधारण सभा बोलाउन सबै सदस्यलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ। यसरी बस्ने

सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम १० बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ..............दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा..........दिनअघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

६. साधारण सभाको कार्यविधि : (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा सञ्चालक मध्येबाट सञ्चालकहरुले छानेको सञ्चालकले साधारण सभाको अध्यक्षता गर्नेछ । सभामा सञ्चालक समितिको अध्यक्ष तथा सबै सञ्चालक अनुपस्थित भएमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानिएको सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित सदस्यहरुमध्ये पचहत्तर प्रतिशत सदस्यले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) साधारण सभामा उपस्थित कूल सदस्यहरुमध्ये सतसठ्ठी प्रतिशत सदस्यहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको अन्य विषय (एजेण्डा) उपर छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा सदस्यहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) सभाको सम्बन्धमा अन्य थप कार्यविधि आवश्यक भएमा सो कुरा खुलाउने ।

७. साधारण सभामा पेश गर्ने अन्य विषय: ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने भए सो कुरा खुलाउने ।

८. विशेष प्रस्ताव: ऐनमा उल्लेख भएको विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नु पर्ने कुनै विषय भएमा सो कुरा खुलाउने ।

९. विशेष साधारण सभा: ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिने छ ।

१०. गणपूरक संख्या : कूल सदस्यहरुको ..........................प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन ।

तर नियम ५ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल सदस्य संख्याको ................ प्रतिशत सदस्यहरु उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

११. मतदान : प्रत्येक सदस्यलाई एक सदस्य एक मतको आधारमा मत दिने अधिकार हुनेछ ।

१२. साधारण सभाको निर्णयको विवरणको अभिलेख : (१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरण छुट्टै अभिलेख गरी राखिने छ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना सदस्यले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै सदस्यले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ३
## सञ्चालक समिति

१३. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: (१) सञ्चालकहरुको नियुक्ति/ निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यस कम्पनीमा ..........जनाको सञ्चालक समिति हुनेछ ।

(३) सञ्चालकहरुको कार्यकाल.....वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्ति गर्दा निजको वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ:-

(क)

(ख)

(ग)

१४. सञ्चालक पुन: नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक सञ्चालक भैसकेको व्यक्ति सञ्चालकमा पुन: नियुक्त हुन नसक्ने भए सो कुरा खुलाउने ।

१५. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्था : यस कम्पनीका सञ्चालकले पाउने बैठक भत्ता तथा अन्य सुविधा कार्यालयले तोकेभन्दा बढी हुने छैन ।

१६. सञ्चालकको योग्यता : कम्पनीको सञ्चालक हुन कुनै खास योग्यता आवश्यक हुने भए सो कुरा खुलाउने ।

१७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरु : ऐनमा उल्लेख भएका अधिकार, कर्तव्य तथा जिम्मेवारी बाहेक ऐनको अधीनमा रही सञ्चालक समितिको कुनै विशेष अधिकार, कर्तव्य तथा जिम्मेवारी तोक्ने भए सो कुरा खुलाउने ।

१८. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था : (१) सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने हो सो कुरा खुलाउने ।

(२) अधिकार प्रत्यायोजन गर्न सक्ने भए कुन कुन विषयमा र कसलाई (जस्तै: सञ्चालकहरुको उपसमिति वा कुनै सञ्चालक वा पदाधिकारी ) अधिकार प्रत्यायोजन गर्न सकिने हो सो कुरा खुलाउने ।

१९. प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था : (१) प्रबन्ध सञ्चालक नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(२) प्रबन्ध सञ्चालक नियुक्त गर्ने हो भने निजको योग्यता, काम, कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने ।

(३) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु कार्यालयले तोकेको सीमाको अधीनमा रही करारद्वारा निश्चित गरिनेछ ।

२०. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था : (१) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

(२) प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने हो भने निजको योग्यता, काम, कर्तव्य, जिम्मेवारी र अधिकार खुलाउने ।

(३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु कार्यालयले तोकेको सीमाको अधीनमा रही करारद्वारा निश्चित गरिनेछ ।

२१. सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने : अध्यक्ष, कम्पनी सचिव वा कार्यकारी प्रमुखमध्ये कसले सञ्चालक समितिको बैठक बोलाउने हो सो कुरा खुलाउने ।

२२. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि : (१) सञ्चालक समितिको बैठक आवश्यकतानुसार नियम २१ मा लेखिएको पदाधिकारीले बोलाउने छ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ (अन्य कुनै माध्यमबाट सूचना दिनु पर्ने व्यवस्था भए सो कुरा खुलाउने ) ।

(३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयम् उपस्थित हुनु पर्नेछ तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने सञ्चालकको अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको कूल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन । तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिइ अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन र मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले असहमति जनाउने छुट्टै राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

२३. सञ्चालक समितिको निर्णयको अभिलेख : (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट उक्त निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कम्पनीका निर्णयहरु सदस्यहरुले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न दिनु पर्नेछ ।

२४. सदस्य तथा सञ्चालकहरुको आचारसंहिता : कम्पनीले कारोवार शुरु गरेको एक वर्षभित्र कम्पनीका सदस्य, सञ्चालक तथा पदाधिकारीहरुले पालना गर्नुपर्ने आचारसंहिता साधारण सभाबाट बनाई लागू गर्नेछ ।

## परिच्छेद -४

## हिसाव किताब, लेखा तथा लेखापरीक्षण

२५. कम्पनीको खर्च सम्बन्धी व्यवस्था : (१) यस कम्पनीमा पूरा समय काम गर्ने पदाधिकारी वा सदस्यले पाउने तलव, बैठक भत्ता, अन्य सुविधा तथा कम्पनीको संस्थापना र कम्पनी सञ्चालन गर्दा लाग्ने खर्च कम्पनीको पूँजीगत अवस्था तथा मुनाफालाई आधार बनाई कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालक वा सदस्यले पाउने तलव, बैठक भत्ता र अन्य सुविधा तोक्ने प्रयोजनका लागि कम्पनीले आफ्नो पूँजीगत अवस्था, हुनसक्ने वा भएको आम्दानी र मुनाफा तथा तोक्नु पर्ने प्रस्तावित तलव भत्ता र सुविधाको आधार एवं कारण तथा त्यस्तो तलव भत्ता सुविधा भुक्तानी गर्ने स्रोत समेत खुलाई कार्यालयमा पेश गर्नेछ ।

(३) कम्पनीमा काम गर्ने कर्मचारी वा सल्लाहकारको पारिश्रमिक तथा सुविधा सञ्चालक समितिले तोकेअनुसार हुनेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको कुनै सदस्य वा पदाधिकारीको नजिकको नातेदारलाई कुनै वैतनिक कर्मचारी वा सल्लाहकार नियुक्त गर्दा साधारण सभाको पूर्व स्वीकृति लिनु पर्नेछ र पैतीस दिनभित्र यस्ता कर्मचारी वा सल्लाहकारले पाउने तलव तथा सुविधाको बारेमा कार्यालयलाई लिखित जानकारी दिनु पर्नेछ ।

२६. कम्पनीको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था : (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने हिसावकिताव प्रति दिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसावकिताव लेखापरीक्षण गराउनेछ ।

(४) यस कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखा परीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखा परीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक सदस्य र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै सदस्यले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद -५

## विविध

२७. सदस्य, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना: कम्पनीले सदस्य, सञ्चालक वा पदाधिकारीहरुलाई र सदस्य, सञ्चालक वा पदाधिकारीहरुले कम्पनीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्ने वा नसक्ने हो सो कुरा खुलाउने ।

२८. कम्पनी सचिव : कम्पनी सचिवको नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था निजको पदावधि, सेवा, शर्त र निजको काम, कर्तव्य र अधिकार खुलाउने ।

२९. कम्पनीको छाप सम्बन्धी व्यवस्था : (१) कम्पनीले छाप प्रयोग गर्ने भए सो छाप कसको जिम्मामा रहने हो सो कुरा खुलाउने ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गर्ने कुरा खुलाउने ।

३०. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था : (१) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, दर्ता प्रमाणपत्र वा कम्पनीले कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपि कुनै सदस्य वा अरु कुनै सरोकारवालाले माग गरेमा रु......... दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु...... ...... दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.... दस्तुर लाग्नेछ ।

(४) सदस्यको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु.................. दस्तुर लाग्नेछ ।

३१. कम्पनीले ऋण लिने वा दिने व्यवस्था : कम्पनीले ऋण लिने दिने भए सो सम्बन्धी अधिकार साधारण सभा, सञ्चालक समिति वा कम्पनीको पदाधिकारीमध्ये कसलाई हुने हो सो कुरा खुलाउने ।

३२. कम्पनी गाभिने कुरा : (१) यो कम्पनी ऐनको दफा ३ को उपदफा (१) बमोजिम संस्थापना भएको कम्पनीसँग गाभिन सक्ने छैन वा त्यस्तो कम्पनीलाई आफूमा गाभ्न सक्ने छैन ।

(२) यो कम्पनीमा समान उद्देश्य भएको कुनै अर्को मुनाफा वितरण नगर्ने कम्पनीलाई वा यस कम्पनीलाई समान उद्देश्य भएको कुनै मुनाफा वितरण नगर्ने कम्पनीमा गाभ्न आवश्यक भएमा साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिमको प्रक्रिया पूरा गरी कम्पनीलाई गाभ्न सकिनेछ ।

३३. कम्पनीको खारेजी : (१) कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर र लेखापरीक्षकहरुको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकि दिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

३४. कम्पनीको खारेजी र कम्पनीको जायजेथा : कम्पनी खारेज हुँदा कम्पनीको ऋण दायित्व भुक्तानी गरी बाँकी रहेको जायजेथाको स्थिति के हुने हो सो कुरा खुलाउने ।

३५. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउन् पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने ।

३६. अन्य आवश्यक कुराहरु : अन्य आवश्यक कुनै कुरा भए सो खुलाउने ।

३७. नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था : यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

३८. नियमावली बाँझिएको हदसम्म निष्क्रय हुने : यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्ध पत्रसँग बाझिएमा बाँझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

३९. संस्थापकको विवरण र उद्घोषण : हामी ..................... का संस्थापकहरुले यो कम्पनी सस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात्

सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/ विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|
| द<br>नाम :<br>ठेगाना ..............<br>... जिल्ला<br>..................<br>नगरपालिका/गा.वि.स.,वडा नं. ....<br>ब्लक नं. .......<br>फोन नं. :<br>फ्याक्स : ........<br>इ-मेल : ........<br>पो.ब.नं. :........<br>दा. बा.<br>(आवश्यकतानुसार थप गर्दै जाने) | | | द.<br>नाम :<br>ठेगाना...................<br>....जिल्ला................<br>.....नगरपालिका/गा.वि.स.,वडा नं.<br>.......ब्लक नं.............<br>दा. बा. | |

इति संवत् २०........ साल .......... महिना ........... गते रोज ............ शुभम्-------

अनुसूची -१७

(दफा २७ को उपदफा (४) सँग सम्बन्धित)

पब्लिक लिमिटेड कम्पनीको शेयर खरिद गर्न दिने निवेदनको ढाँचा,

श्री सञ्चालक समिति,
....................... लिमिटेड कम्पनी,
................................ ।

महाशय,

..............साल .............. महिना ...... गते प्रकाशित त्यस कम्पनीको विवरणपत्रको शर्तमा रु. .............. दरको...........कित्ता साधारण/अग्राधिकार शेयर लिन इच्छा भएकोले माग भएबमोजिमको रु. ............ यसै साथ पठाएको छु / छौं । कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मन्जुर भएकोले उल्लिखित शेयर पाउन अनुरोध गर्दछु /गर्दछौं ।

भवदीय

व्यक्ति भए ,–
दस्तखत :
नाम, थर :
बाबुको नाम :
नागरिकताको प्रमाणपत्र नं. :
ठेगाना :
फोन नं. :
मोबाइल :
फ्याक्स :
पोष्ट बक्स नं. :
इमेल:-

संगठित संस्था भए ,–
नाम :-
दर्ता प्रमाण पत्र नं. :
रजिष्टर्ड कार्यालयको ठेगाना :
सगठित संस्था तर्फबाट अधिकारप्राप्त व्यक्तिको
दस्तखत :
नाम, थर :
संगठित संस्थाको छाप:

(नाबालिगको नाममा शेयर खरिद गर्ने भए नाबालिगको बाबु वा आमाको नागरिकताको प्रमाणपत्र नम्बर खुलाउनु पर्नेछ )

अनुसूची- १८
(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

शेयर बाँडफाँडको सूचना

श्री ..................................
..........................................

महाशय,

तपाई/तपाईहरुको मिति ....................... को शेयर खरिद दरखास्त उपर कारबाही हुँदा तपाई/तपाईहरुको नाममा यस कम्पनीको ............. कित्ता साधारण शेयर/अग्राधिकार शेयर बाँडफाँड गरिएको छ । तपाई / तपाईहरुको नाममा बाँडफाँड भएको साधारण शेयर/ अग्राधिकार शेयरको कित्ता बापत तल लेखिएको बाँकी रकम रु. ........................ यस कम्पनीको .................................. बैंक स्थित खाता नं. .................................. मा जम्मा गरी सो को अर्धकट्टी भौचर यस कम्पनीमा दाखिला गर्नु हुन अनुरोध गरिएको छ ।

शेयर बापत दिनुपर्ने जम्मा रु..........
त्यस मध्ये पेश्की स्वरुप प्राप्त हुन आएको रु.........
दिनु पर्ने बाँकी रु...........

मिति :

..............................
सञ्चालक/प्रशासकीय प्रमुख
वा कम्पनी सचिवको दस्तखत

कम्पनीको छाप
(कम्पनीको छाप प्रयोग गर्ने भएमा)

द्रष्टव्य : शेयर प्रमाणपत्र तयार भएपछि सोको सूचना पठाइनेछ । शेयर प्रमाणपत्र लिन आउँदा यो सूचना तथा नागरिकताको प्रमाणपत्र वा आफ्नो परिचयपत्र साथमा लिई आउनु होला ।

अनुसूची - १९
(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

शेयर नपाउनेलाई पठाउने सुचना

श्री ...............................
...................................

महाशय,
तपाई/तपाईहरुको मिति .................... को शेयर खरिद दरखास्त उपर कारबाही हुँदा तपाई/तपाईहरुको माग अनुसार तपाई/तपाईहरुको नाममा साधारण शेयर/अग्राधिकार शेयर बाँडफाँड गर्न नसकिएकोले पेश्की स्वरुप बुझाउनु भएको रु. ......................... चेक/ड्राफ्ट मार्फत यसै साथ फिर्ता पठाइएको छ।

मिति :

...........................
सञ्चालक/प्रशासकीय प्रमुख
वा कम्पनी सचिवको दस्तखत

| |
|---|
| कम्पनीको छाप<br>(कम्पनीको छाप<br>प्रयोग गर्ने भएमा) |

अनुसूची - २०
(दफा ३३ को उपदफा (१) सँग सम्बन्धित)

शेयर प्रमाणपत्र

........................ लिमिटेड कम्पनी

........................

शेयर प्रमाणपत्र

प्रमाणपत्र नं. :-

........................ जिल्ला........................ न.पा./गा.वि.स. वडा नं. ............ बस्ने श्री ...................... ले यस कम्पनीको प्रति शेयर रु.............. दरको नं. ................ देखि नं. ........................ सम्मको जम्मा........................ कित्ता साधारण शेयर/अग्राधिकार शेयर खरिद गरी सो वापत हुन आउने रु........................ भुक्तानी गरेकोले निजको नाममा यो शेयर प्रमाणपत्र दिइएको छ।

दस्तखत : ....................
नाम,थर : ..................
पद:...........

दस्तखत : ........................
नाम,थर :.............
पद : ......................

मिति :

कम्पनीको छाप
(कम्पनीको छाप प्रयोग गर्ने भएमा)

अनुसूची - २१
(दफा ४२ को उपदफा (३) सँग सम्बन्धित)

शेयर वा डिबेन्चर धितोबन्धक लिएको जनाउ दिने निवेदनको ढाँचा

श्री सञ्चालक समिति,
..............................लिमिटेड कम्पनी,
.............................. ।

विषयः शेयर/डिबेञ्चर धितोबन्धक लिएको जनाई पाउँ ।

त्यस कम्पनीको प्रति शेयर/डिबेञ्चर मूल्य रु. ......... दरको नं. .............. देखि नं. .................. सम्मको जम्मा........................ कित्ता साधारण शेयर/अग्राधिकार शेयर/डिबेन्चरको जम्मा हुन आउने रु. .................. को शेयर/डिबेञ्चर म/हामीले शेयरधनी/डिबेन्चरवाला श्री .................. बाट बन्धक लिएको हुनाले सो सम्बन्धी लिखतको एक प्रति र शेयर/डिबेन्चर प्रमाणपत्र समेत संलग्न राखी यो निवेदन पेश गरेको छु /गरेका छौं । उक्त शेयर /डिबेञ्चर धितोबन्धक लिएको कुरा कम्पनीको दर्ता किताबमा जनाई पाउँ । नियमानुसार लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

मिति :

भवदीय
दस्तखत :
नाम थर :
नागरिकताको प्रमाणपत्र नं. :
ठेगाना :
घर नं. :
फोन :
मोवाइल :
फ्याक्स :
पोष्ट बक्स नं.:
इमेलः

अनुसूची- २२
(दफा ४३ को उपदफा (१) सँग सम्बन्धित)

शेयर वा डिबेञ्चर दाखिल खारेज गर्न दिने निवेदनको ढाँचा

श्री सञ्चालक समिति,
........................लिमिटेड कम्पनी,
........................ ।

विषय : शेयर/डिबेन्चर दाखिल खारेज गरी पाऊँ ।

त्यस कम्पनीको शेयरधनी /डिबेञ्चरवाला श्री ............................ले निजको नाममा दर्ता रहेको प्रति शेयर/डिबेञ्चर मूल्य रु. .................... दरको नं. ...............देखि नं............... सम्मको जम्मा ............... कित्ता साधारण/अग्राधिकार शेयर /डिबेन्चरमा..............(मिति खुलाउने ) आफ्नो हक छाडी म/हामीलाई बिक्रि गरी लिखत गरी दिएकोले तत्सम्बन्धी हस्तान्तरणको लिखतको एक प्रति र शेयर/डिबेन्चरको प्रमाणपत्र समेत संलग्न राखी यो निवेदन पेश गरेको छु /गरेका छौं । उक्त शेयर /डिबेन्चर निजको नामबाट खारेज गरी मेरो/हाम्रो नाममा दर्ता गराई पाऊँ । नियमानुसार लाग्ने दस्तुर यसैसाथ संलग्न छ ।

मिति :

| |
|---|
| धितोपत्र बजारमा कारोवार भएको भए<br>खरिदकर्ता दलालको ,-<br>दस्तखत :<br>नाम :<br>सङ्केत नं. :<br>छाप : |

भवदीय,
दस्तखत :
नाम, थर :
नागरिकताको प्रमाणपत्र नं. :
ठेगाना :
घर नं.:
फोन :
मोबाइल :
फ्याक्स :
पोष्ट बक्स नं. :
इमेल :

अनुसूची - २३
(दफा ४५ सँग सम्बन्धित)

शेयर / डिबेन्चरमा हक हुन आउने व्यक्तिले दिने निवेदनको ढाँचा

श्री सञ्चालक समिति,
........................ लिमिटेड कम्पनी,
.................................. ।

विषय : शेयर/डिबेन्चरमा हक कायम गरी दाखिल खारेज गरी पाऊँ ।

त्यस कम्पनीका शेयरधनी /डिबेन्चरवाला श्री .............................................. ले निजको नाममा दर्ता रहेको शेयर/डिबेन्चर मूल्य रु........................दरको नं...............देखि नं.................सम्मको जम्मा ........कित्ता शेयर/डिबेन्चरमा ........................... कारणबाट मेरो/हाम्रो हक कायम हुन आएको हुनाले सो कुराको सबुद प्रमाण र शेयर / डिबेन्चरको प्रमाणपत्र समेत संलग्न राखी यो निवेदन पेश गरेको छु /गरेका छौं । उक्त शेयर/डिबेन्चर निजको नामबाट दाखिल खारेज गरी मेरो/हाम्रो नाममा हक कामय गरी दर्ता गरी पाउँ । नियमानुसार लाग्ने दस्तुर यसै साथ संलग्न छ।

निवेदकको

मिति :

दस्तखत :
नाम, थर :
नागरिकताको प्रमाणपत्र नं. :
ठेगाना :
घर नं. :
फोन :
मोबाइल :
फ्याक्स :
पोष्ट बक्स नं :
इमेल :

अनुसूची -२४

(दफा ४६ को उपदफा (१) सँग सम्बन्धित)

शेयरधनी/डिबेञ्चरवालाको दर्ता किताबको ढाँचा

.................................... कम्पनीको

शेयरधनी/डिबेञ्चरवालाको दर्ता किताब

| शेयरधनी/ डिबेन्चरवालाको नाम र ठेगाना | बाबु/पतिको नाम | नागरिकताको प्रमाण पत्र नं./विदेशी भए राहदानी नं. / संगठित संस्था भए संस्था दर्ता नं. | शेयर/डिबेन्चरको संख्या | | | चुक्ता भएको रकम रु | चुक्ता हुन बाँकी रकम रु. | शेयरधनी/ डिबेन्चरवाला को रुपमा निजको नाम दर्ता भएको मिति | शेयरधनी/डिबेन्चर वालाको नाम खारेज भएको मिति | शेयरधनी/डिबेन्चर वालाले इच्छ्याएको व्यक्ति भए त्यस्तो व्यक्तिको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कित्ता नं. | | | | | | | | |
| | | | देखि | सम्म | जम्मा | | | | | | |
| | | | | | | | | | | | |

प्रमाणित गर्नेको दस्तखत :

नाम :

दर्जा :

मिति :

अनुसूची - २५
(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)

शेयर वापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा जारी गरिने सूचनाको ढाँचा

श्री मान् /श्रीमती/सुश्री ..........................................................
(ठेगाना) ...............................................................................

विषय: शेयरवापत रकम भुक्तानी गर्ने।

तपाईले यस कम्पनीको प्रति शेयर मूल्य रु...........................दरको नं. ..............देखि नं.......................सम्मको जम्मा .............कित्ता शेयर लिन कबुल गर्नु भएकोमा उक्त कित्ताको शेयर वापत हुन आउने जम्मा रकम रु. .......................(अक्षरुपी.................. मात्र) यस कम्पनीको ............ बैंकस्थित खाता नं. .................. मा बुझाई त्यसको अर्धकट्टी भौचर............दिनभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिला गर्नु हुन कम्पनी ऐन,२०६३ को दफा ५३ को उपदफा (२) बमोजिम सञ्चालक समितिको मिति .................... को निर्णयानुसार अनुरोध गरिन्छ।

मिति :

....................................
सञ्चालक/प्रशासकीय प्रमुख
वा कम्पनी सचिवको दस्तखत

अनुसूची-२६
(दफा ५३ को उपदफा (३) सँग सम्बन्धित)

शेयर वापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा पुन : जारी गरिने सुचनाको ढाँचा

श्री मान् /श्रीमती/सुश्री ..........................................................
(ठेगाना) ..............................................................

विषय: शेयरवापत रकम भुक्तानी गर्ने बारे पुन: सुचना ।

तपाईले यस कम्पनीको प्रति शेयर मूल्य रु. ....... दरको नं. ............देखि नं.......... सम्मको जम्मा ............कित्ता शेयर लिन कबुल गर्नु भएकोमा उक्त कित्ताको शेयर बापतको हुन आउने जम्मा रकम रु. ......................(अक्षेरुपी................ मात्र) बुझाउन तपाईलाई मिति ...................... मा सूचना गरिएकोमा उक्त सूचना ........................ को .............. पत्रिकामा समेत प्रकाशित गरिएकोमा (पब्लिक कम्पनीको हकमा मात्र) तपाईले सो म्यादभित्र किस्ता रकम नबुझाउनु भएकाले पुन: यो सूचना गरिएको छ । तपाईको नामको उक्त शेयर बापत तपाईले बुझाउन बाँकी रु................................. र सोमा ............प्रतिशतले लाग्ने ब्याज समेत यस कम्पनीको नाममा ............ बैंकस्थित खाता नं. ...................... मा बुझाई त्यसको अर्धकट्टी भौचर तीन महिनाभित्र यस कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाउनु होला । अन्यथा तपाईको नाममा रहेको उक्त शेयर कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) अनुसार जफत गरिने व्यहोरा सञ्चालक समितिको मिति ...................... को निर्णयानुसार अनुरोध गरिन्छ ।

मिति :

.....................................
सञ्चालक/प्रशासकीय प्रमुख
वा कम्पनी सचिवको दस्तखत

अनुसूची- २७

(दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

## साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक समिति
............................ लिमिटेड कम्पनी,
.................................. ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

........................ जिल्ला ........................ न.पा./गा.वि.स.,वडा नं. ....... बस्ने म/हामी ........................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले संवत् २० .......... साल .......... महिना ..................गते .................. का दिन हुने वार्षिक/विशेष साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .................... जिल्ला ................ न.पा/गा.वि.स., वडा नं. ................ बस्ने श्री ........................ लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-
हस्ताक्षरको नमूना :
शेयरधनी भए शेयरप्रमाणपत्र नं. :
शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. :

मिति :

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
शेयर संख्या :

अनुसूची-२८

(दफा ९९ को उपदफा (३) सँग सम्बन्धित)

सञ्चालकले लिनु पर्ने शपथको ढाँचा

म ईश्वरलाई साक्षी राखी /सत्य निष्ठाका साथ ..........................................कम्पनीको सञ्चालकको हैसियतले कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको सर्वोपरि हित चिताई मैले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म आफ्नो जिम्माको काम इमान्दारिताका साथ निर्वाह गर्नेछु । कानूनले वाध्य गराएको अवस्थामा वाहेक कम्पनीको हित प्रतिकूल हुने गरी प्रकाश गर्न नहुने कुरा म सञ्चालकको पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि गोप्य राख्नेछु भनी यो शपथ लिएको छु।

मिति :

सञ्चालकको दस्तखत :..............

नाम,थर : ............................

अनुसूची- २९

(दफा १५४ को उपदफा (२) र (३) सँग सम्बन्धित)

विदेशी कम्पनीको शाखा / सम्पर्क कार्यालय दर्ता गर्न दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू ,
कम्पनी रजिष्ट्रारको कार्यालय,
.....................।

विषयः- विदेशी कम्पनीको शाखा / सम्पर्क कार्यालय दर्ता गरी पाऊँ ।

महोदय,

...............मुलुकको कानूनबमोजिम दर्ता भई...................मा रजिष्टर्ड कार्यालय रहेको.......................................... नाम गरेको कम्पनी नेपाल राज्यको प्रचलित कानून बमोजिम व्यवसाय वा कारोबार गर्नको लागि नेपालको कम्पनी ऐन,२०६३ बमोजिम शाखा/सम्पर्क कार्यालय गरी दर्ता गरी पाउन तपसिल बमोजिमका कागजातहरु संलग्न राखी म/ हामीले यो निवेदन पेश गरेको छु / गरेका छौं । उक्त कम्पनीको शाखा/सम्पर्क कार्यालय दर्ता गरी पाऊँ ।

संलग्न कागजातहरु :

(१) नेपालमा व्यवसाय वा कारोबार सञ्चालनको लागि अधिकार प्राप्त अधिकारीबाट प्राप्त अनुमति पत्र (त्यस्तो अनुमतिपत्र प्राप्त गर्नु पर्ने भए),

(२) कम्पनीको संस्थापनाको अधिकार पत्र, प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र सोको नेपाली अनुवाद २/२ प्रति,

(३) कम्पनीको मूल कार्यालय र कारोबार गर्ने मुख्य ठेगाना, कम्पनी संस्थापना भएको मिति,जारी पुँजी खुलेको विवरण,

(४) कम्पनीको मुख्य उद्देश्य सम्बन्धी विवरण,

(५) कम्पनीका सञ्चालक, प्रबन्धक, कम्पनी सचिव वा प्रमुख पदाधिकारीको नाम, ठेगाना र निजहरुको नागरिकताको विवरण,

(६) नेपालमा व्यवसाय वा कारोबार गर्ने भए सोको मुख्य स्थान र ठेगाना,

(७) कम्पनीले नेपालमा व्यवसाय वा कारोबार शुरु गर्ने भए सोको प्रस्तावित मिति,

(८) म्याद, सूचना जारी हुँदा कम्पनीको तर्फबाट बुझिलिने नेपाल राज्यभित्र रहे बसेको आधिकारिक व्यक्तिको नाम, ठेगाना खुलेको विवरण ,

(९) शाखा कार्यालय/सम्पर्क कार्यालय दर्ता गर्न दिइएको अख्तियारनामा,

(१०) कम्पनीः पेश गरेको विवरणमा उल्लेख गरिएका कुराहरु ठीक साँचो हो भनी कम्पनीको सञ्चालक वा निजको प्रतिनिधिले कम्पनीको तर्फबाट गरेको उद्घोषण ।

मिति :

निवेदक
दस्तखत :
नाम, थर :
ठेगाना :
नेपालको सम्पर्क ठेगाना :
टेलिफोन नं
मोबाइल :
फ्याक्स :
पोष्ट बक्स नं. :
इमेल :

अनुसूची-३०
(दफा १५४ को उपदफा (४) सँग सम्बन्धित)

विदेशी कम्पनीको शाखा /सम्पर्क कार्यालय दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

दर्ता नं.:

दर्ता प्रमाणपत्र

.............................(देश) को कानून बमोजिम संस्थापना भएको.................. प्राइभेट/पब्लिक लिमिटेड नामको कम्पनीको शाखा/सम्पर्क कार्यालयको रुपमा संवत् २०.....साल...........महिना.......गते रोज ...मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा १५४ उपदफा (४) बमोजिम यो प्रमाणपत्र दिइएको छ।

मिति:-

..........................................
रजिष्ट्रार

**Schedule - 30**
(Relating to sub-section (4) of Section 154)
Certificate of Registration of Branch / Liasion Office of Foreign Company

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
**Office of the Company Registrar**

Registration No:-

**CERTIFICATE OF REGISTRATION**

This Certificate of Registration is issued to M/S...................................Private Limited/Public Limited Company incorporated under the law of ................................having registered its branch/liasion office in Nepal on the ................day of ............. pursuant to sub-section (4) of Section 154 of the Companies Act, 2006 .

Date :

..............................................
Registrar

अनुसूची- ३१
(दफा १७८ को उपदफा (२) सँग सम्बन्धित)
सापटी, लगानी वा जमानतको विवरणको ढाँचा

.........( कम्पनीको नाम लेख्ने ) प्राइभेट लिमिटेड/लिमिटेड कम्पनीको सापटी, लगानी वा जमानतको विवरण

यस कम्पनीले अन्य कम्पनीलाई दिएको सापटी, ऋणवापत दिएको जमानतको विवरण र धितोपत्रमा गरेको लगानी देहाय बमोजिम रहेको छ :-

(क) अन्य कम्पनीलाई दिएको सापटीको विवरण

१. सापटी लिने कम्पनीको नाम र त्यस्तो कम्पनीको रजिष्टर्ड ठेगाना
२. सापटी दिएको मिति
३. सापटीको रकम र व्याज दर
४. सापटीको भुक्तानी पाउने तरिका
५. सापटी रकम भुक्तानी भइ सक्ने मिति
६. सापटीको प्रकृति (सुरक्षण राखेर दिइएको वा नराखी दिइएको)
७. सुरक्षण राखेर सापटी दिएको भए त्यसको विवरण
८. सापटी लिने कम्पनीको कूल ऋणमध्ये कम्पनीले दिएको सापटीको हिस्सा कति प्रतिशत हुने हो सो कुरा
९. सापटी सम्बन्धी करारमा उल्लिखित अन्य आवश्यक कुराहरु

(ख) अन्य कम्पनीमा गरेको लगानीको विवरण

१. लगानी गरेको कम्पनीको नाम र त्यस्तो कम्पनीको रजिष्टर्ड ठेगाना
२. लगानी गरेको मिति
३. लगानीको प्रकृति (जस्तै शेयर भए साधारण वा अग्राधिकार के हो सो कुरा खुलाउने, डिबेञ्चर भए जायजेथा धितो राखेर वा नराखेर जारी गरिएको हो वा लिज लगानी भए सो को विवरण खुलाउने ।
४. धितोपत्रमा गरेको लगानी भए त्यस्तो कम्पनीले जारी गरेको धितोपत्रको जम्मा मूल्यमा कम्पनीको लगानीको हिस्सा कति प्रतिशत हुने हो सो कुरा
५. अन्य आवश्यक कुराहरु

(ग) अन्य कम्पनीले लिएको ऋण वापत दिएको जमानतको विवरण

१. जमानत दिएको कम्पनीको नाम र रजिष्टर्ड ठेगाना
२. जमानत स्वीकार्ने कम्पनी वा संस्थाको नाम र ठेगाना
३. जमानत दिएको मिति
४. जमानत कायम रहने अवधि
५. जमानत सम्बन्धमा कम्पनीको दायित्वको रकम र प्रकृति
६. जमानत दिएको कम्पनीले प्राप्त गरेका जमानतहरुमध्ये कम्पनीले दिएको जमानतको हिस्सा कति प्रतिशत हुने हो सो कुरा
७. जमानत सम्बन्धी करारमा उल्लिखित अन्य आवश्यक कुराहरु ।

उपरोक्त व्यहोरा प्रमाणित गर्ने:

लेखा प्रमुख
दस्तखत :
नाम :

कार्यकारी प्रमुख
दस्तखत :
नाम :

द्रष्टव्य : एक भन्दा बढी कम्पनीमा गरेको लगानी, दिएको सापटी तथा जमानत भए प्रत्येक कम्पनीको सम्बन्धमा छुट्टा-छुट्टै विवरण खडा गर्नुपर्नेछ ।

## सूचना २

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को देहायका दफाहरुको प्रयोजनको लागि देहाय बमोजिमको दस्तुर तोकेको छ :-

१. दफा ४ को प्रयोजनको लागि लाग्ने दस्तुर :

(क) प्राईभेट लिमिटेड कम्पनी

१. रु. १,००,०००/- सम्मको अधिकृत पूँजी भए रु.१,०००/-

२. रु.१,००,००१/- देखि रु. ५,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४,५००/-

३. रु.५,००,००१/- देखि रु. २५,००,०००/- सम्म अधिकृत पूँजी भए रु.९,५००/-

४. रु.२५,००,००१/- देखि रु. १,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१६,०००/-

५. रु.१,००,००,००१/- देखि रु. २,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१९,०००/-

६. रु.२,००,००,००१/- देखि रु. ३,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.२२,०००/-

७. रु.३,००,००,००१/- देखि रु. ४,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.२५,०००/-

८. रु.४,००,००,००१/- देखि रु. ५,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.२८,०००/-

९. रु.५,००,००,००१/- देखि रु. ६,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३१,०००/-

१०.रु.६,००,००,००१/- देखि रु. ७,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३४,०००/-

११.रु.७,००,००,००१/- देखि रु. ८,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३७,०००/-

१२.रु.८,००,००,००१/- देखि रु. ९,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४०,०००/-

१३.रु.९,००,००,००१/- देखि रु. १०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४३,०००/-

१४. रु.१०,००,००,०००/- भन्दा माथि अधिकृत पूँजी भए प्रति एक लाखको रु. ३०/-का दरले थप दस्तुर लाग्ने छ।

(ख) पब्लिक लिमिटेड कम्पनी

१.रु.१,००,००,००० /- सम्म अधिकृत पूँजी भए रु. १५,०००/-

२.रु.१,००,००,००१ /- देखि रु. १०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४०,०००/-

३.रु.१०,००,००,००१ /-देखि रु २०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु. ७०,०००/-

४.रु.२०,००,००,००१ /-देखि रु.३०,००,००,०००/-सम्म अधिकृत पूँजी भए रु.१००,०००/-

५.रु.३०,००,००,००१/-देखि रु.४०,००,००,०००/-सम्म अधिकृत पूँजी भए रु.१३०,०००/-

६.रु.४०,००,००,००१/-देखि रु.५०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१६०,०००/-

७.रु.५०,००,००,०००/- भन्दा माथिको अधिकृत पूँजी भए प्रति एक करोडको रु.३०००/- का दरले थप दस्तुर लाग्नेछ।

(ग) दर्ता भैसकेको कम्पनीले पूँजी वृद्धि गरेमा लाग्ने दस्तुर :

दर्ता भैसकेको कम्पनीले पूँजी बृद्धि गरेमा पछिल्लो पूँजी कायम भएको थप पूँजी अनुरुप पहिले बुझाई सकेको दस्तुर कट्टा गरी नपुग रकम नयाँ दररेट अनुसार बुझाउनु पर्नेछ।

(घ) अन्य दस्तुर :

१. दफा १३ को उपदफा (२) र (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा र दफा १४ को उपदफा (३) को प्रयोजनको लागि पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्दा नयाँ दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत थप दस्तुर लाग्नेछ।

२. दफा २१ को उपदफा (३) को प्रयोजनको लागि कम्पनीको नाम परिवर्तन गर्दा नयाँ दर्ता गर्दा लाग्ने प्रचलित दस्तुरको पच्चीस प्रतिशत वा बढिमा रु. ५,०००।- दस्तुर लाग्नेछ।

३. दफा २३ को उपदफा (६) र दफा २५ को उपदफा (२) को प्रयोजनको लागि प्रतिपृष्ठ रु. १०।- प्रतिलिपि दस्तुर लाग्नेछ।

४. दफा ५६ को उपदफा (३) को प्रयोजनको लागि शेयर पूँजी वृद्धि गरी प्रवन्धपत्र र नियमावली संशोधन गर्दा देहाय अनुसार दस्तुर लाग्नेछ :-

(क) दफा ५६ को उपदफा (१) को खण्ड (क) र (ख) को पूँजी वृद्धिको हकमा हाल कायम हुने अधिकृत पूँजीमा साविकमा तिरेको रजिष्ट्रेशन दस्तुर कट्टी गरी बाँकी हुन आउने रकम।

(ख) दफा ५६ को उपदफा (१) को खण्ड (ख) अनुसार साविक पूँजीमा हेरफेर नभएमा वा कमी भएमा र दफा ५६ को उपदफा (१) को खण्ड (ग) को हकमा रु. १,०००।-दस्तुर लाग्नेछ।

५. दफा १२४ को उपदफा (१) को प्रयोजनको लागि निरीक्षकको प्रतिवेदनको प्रतिलिपिको लागि रु. १००।- दस्तुर लाग्नेछ।

६. दफा १३६ को उपदफा (१) को खण्ड (क) र दफा १५८ को उपदफा (१) को प्रयोजनको लागि कम्पनीको दर्ता खारेज गर्दा लाग्ने दस्तुर रु. १०,००,०००।- रुपैयाँसम्म चुक्ता पूँजी भएको कम्पनी भए रु. १,०००।- र सो भन्दा बढी चुक्ता पूँजी भएकोमा रु. ५,०००।- दस्तुर लाग्नेछ।

७. दफा १५० को उपदफा (२) को प्रयोजनको लागि शेयरधनीले साधारण सभामा भाग नलिएको कुराको उजूरी निवेदन दिदा रु. ५००।- दस्तुर लाग्नेछ।

८. दफा १५३ को उपदफा (३) को प्रयोजनको लागि एकल शेयरधनी भएको कम्पनीको शेयर हस्तान्तरण तथा दाखिल खारेज गर्दा उक्त कम्पनी दर्ता सरहको दस्तुर लाग्नेछ।

९. दफा १५४ को उपदफा (९) को प्रयोजनको लागि विदेशी कम्पनीको दर्ता किताबको प्रतिलिपि लिदा लागि प्रतिपृष्ठ- रु. ५०।- दस्तुर लाग्नेछ।

२. दफा १५४ को उपदफा (२) र (३) को प्रयोजनको लागि लाग्ने दस्तुर;

(क) विदेशी कम्पनीले शाखा कार्यालय दर्ता गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछ:-

| | | |
|---|---|---|
| १. | रु.१,००,००,०००।- सम्म प्रस्तावित लगानी भएमा | रु. १५,०००।- |
| २. | रु.१,००,००,००१।- देखि रु १०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.४०,०००।- |
| ३. | रु.१०,००,००,००१।- देखि रु २०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.७०,०००।- |
| ४. | रु.२०,००,००,००१।- देखि रु ३०,००,००,०००।-सम्म प्रस्तावित लगानी भए | रु.१,००,०००।- |
| ५. | रु.३०,००,००,००१।- देखि रु ४०,००,००,०००।-सम्म प्रस्तावित लगानी भए | रु.१,३०,०००।- |
| ६. | रु.४०,००,००,००१।- देखि रु ५०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.१,६०,०००।- |

७. रु.५०,००,००,०००।- भन्दा माथिको प्रस्तावित लगानी भए प्रति एक करोडको रु ३०००।- का दरले थप दस्तुर लाग्नेछ।

८. लगानी नखुलेको भए एकमुष्ट रु.१,००,०००।- दस्तुर लाग्नेछ।

(ख) विदेशी कम्पनीले सम्पर्क कार्यालय दर्ता गर्दा एकमुष्ट रु.५०,०००।-दस्तुर लाग्नेछ।

३. दफा १६६ को उपदफा (२) बमोजिमको मुनाफा वितरण नगर्ने गरी संस्थापना हुने कम्पनीका लागि एकमुष्ठ रु.१५,०००।- दस्तुर लाग्नेछ।

## सूचना ३

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को दफा ९८ को उपदफा (३) र दफा १८२ को उपदफा (३) को प्रयोजनको लागि बार्षिक सयकडा दश प्रतिशत ब्याजदर तोकेको छ।

यस मन्त्रालयबाट नेपाल राजपत्र, भाग ३ मा प्रकाशित देहाय बमोजिमका सूचना खारेज गरिएको छः–

(क) खण्ड ५५, संख्या २८, मिति २०६२।७।१४ को सूचना २ र ३

(ख) खण्ड ५५, संख्या ३४, मिति २०६२।८।२७ को सूचना १

खण्ड ५१, संख्या ५, मिति २०५८।२।१ को नेपाल राजपत्र, भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित कम्पनी ऐन,२०५३ को दफा ८४ को प्रयोजनका लागि तोकिएको ढाँचा बाहेक खण्ड ५५, सख्या २८, मिति २०६२।७।१४ को नेपाल राजपत्र, भाग ३ मा प्रकाशित सूचना १ खारेज गरिएको छ।

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको निमित्त सचिव

नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी भारत सरकारबाट निर्वाचन आयोगको लागि सहयोग स्वरुप प्रदान गरिने देहायका मूल्यका ३९ वटा सवारी साधनहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल मूल्य अभिवृद्धि कर लगायत अन्य सबै कर,महशुल,शुल्क पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| S.N. | Description | Qty. | Unit | Amount (Indian Rs.) |
|---|---|---|---|---|
| 1 | Mahindra Bolero Single Cab 4WD | 5 | Pcs | 18,00,000/- |
| 2 | Mahindra Bolero Single Cab 4WD | 5 | Pcs | 18,00,000/- |
| 3 | Mahindra Bolero Single Cab 4WD | 5 | Pcs | 18,00,000/- |
| 4 | Mahindra Bolero Double Camper Cab 4WD | 5 | Pcs | 18,52,500/- |
| 5 | Mahindra Bolero Single Cab 4WD | 5 | Pcs | 18,00,000/- |
| 6 | Single Cab Tata 207 DI EX SC | 4 | Pcs | 15,44,884/04 |
| 7 | Double Cab Tata 207 DI EX SC | 10 | Pcs | 39,86,794/90 |
| | जम्मा | 39 | Pcs | 1,45,84,178/94 |

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी भारत सरकारबाट नेपाल सरकारको लागि सहायता स्वरुप प्रदान गरिने ४,१०० मेट्रिक टन उसिना चामल, ९०० मेट्रिक टन अरुवा चामल, १,५०० मेट्रिक टन चीनी र ३०० मेट्रिक टन स्किम्ड दुध आयात गर्दा भन्सार महसुल, कृषि सुधार शुल्क, स्थानिय विकास शुल्क लगायत सबै कर महशुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी Asian Archery Foundation, KOREA बाट नेपाल आर्चरी संघ, त्रिपुरेश्वरको लागि सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ४५०० ०० (चार हजार पाँच सय) मूल्य बराबरको सामाग्रीमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री दालेकी माध्यामिक विद्यालय सामाखुसी को नाममा ECA Global Foundation SPAIN बाट प्रदान गरिने युरो ११,९१४ ०० ( एघार हजार नौ सय चौध) मूल्य बराबरको ५० थान कम्प्यूटर विभिन्न दशवटा विद्यालयलाई ५।५ थान वितरण गर्ने शर्तमा एक प्रतिशत भन्सार असुल गरी बाकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको लागि Department for International Development (DFID) Denmark बाट सहयोग स्वरुप प्रदान गरिने देहायको मूल्यबराबरको देहायको सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत अन्य सबै कर,महशुल,शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| S.N. | Description of Goods | Qty. | Unit | Amount |
|---|---|---|---|---|
| 1 | DIESEL GENERATOR - 10 KVA (sign wave compatible), 3 phases with automatic operation type. ATS panel and Sound Proof Canopy | 18 | pcs | USD 43,200.00 |

सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेत्रज्योति संघ, त्रिपुरेश्वरको लागि International Trachoma Initatives, USA बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ४०,४०,१५० ४० (चालिसलाख चालिस हजार एक सय पचास, सेण्ट चालिस ) मूल्य बराबरको Zithromax औषधि आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषदसंग संझौता भई कार्यरत Medecins Sans Frontieres ( MSF), Holland नामको अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट कालीकोट र खोटाङ जिल्लामा सञ्चालित परियोजनाको लागि उपहार स्वरुप प्रदान गरिने युरो ७५८२.७९ (सात हजार पाँच सय बयासी सेण्ट उनान्असी ) मूल्य बराबरको औषधि एवं स्वास्थ्य उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषदसंग आवद्ध Tilganga Eye Center को लागि Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १३,५२७.२५ (तेह्र हजार पाच सय सत्ताइस सेण्ट छबिस) मूल्य बराबरको स्वास्थ्य उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मुल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको
सूचना

नेपाल सरकारले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ३२ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी "लोकतान्त्रिक सगरमाथा आरोहण अभियान २००७" नामको ७ (सात) सदस्यीय नेपाली आरोही दललाई सगरमाथा आरोहणको लागि नियमानुसार लाग्ने सलामी रकम अमेरीकी डलर ७०,०००.०० (सत्तरी हजार) पूर्ण रुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दिनेशहरि अधिकारी
नेपाल सरकारको नि. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५०।–
गो.हु.द.नं. १६।०६२।६३